जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १३६ • २०८१ साल आश्विन १६ गते बुधबार (2 October, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## प्रदेश लोकसेवा आयोगको विज्ञापनमा आवेदकको संख्या घट्दै

**टुडे समाचारदाता**

जनकपुरधाम ।

मधेश प्रदेश लोकसेवा आयोगले निकाल्ने गरेको पदपूर्तिसम्बन्धी विज्ञापनमा आवेदन दिनेको संख्यामा कमी आएको छ ।

मधेश प्रदेश सरकारले स्थानीय तहको कर्मचारीसम्बन्धी ऐन बनाए पनि लामो समयसम्म बेवास्ता गरेकै कारण प्रदेश लोकसेवा आयोगले निकाल्ने गरेको विज्ञापनप्रति आवेदनकर्ताहरुको आकर्षण घट्दै गएको छ ।

मधेश प्रदेश लोकसेवा आयोगका अध्यक्ष शिवराम यादवले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई हस्तान्तरण गरेको पाँचौ वार्षिक प्रतिवेदनमा सो तथ्य उल्लेख गरिएको छ ।

स्थानीय तहको कर्मचारीसम्बन्धी ऐन बने पनि लामो समयदेखि नियमावली नबन्दा कर्मचारीको पदपूर्तिसम्बन्धी काम अगाडि बढ्न सकेको छैन । सो कुरालाई दृष्टिगत गर्दै नियमावली ल्याउनुपर्ने कुरामा जोड दिएको छ ।

प्रतिवेदन अनुसार प्रदेश लोकसेवा आयोगले आह्वान गरेको विज्ञापनमा आवेदन दिनेको संख्या ५० दशमलव ७१ प्रतिशतले घट्दै गएको छ ।

आयोगले गत आर्थिक वर्षमा कूल एक सय ८९ पदमध्ये खुला तथा समावेशीतर्फ एक सय छ अन्तर सेवातर्फ ११ र बढुवातर्फ ७२ पदका लागि विज्ञापन गरेको थियो ।

लोकसेवा आयोगको विज्ञापनमा अहिलेसम्म प्रदेश निजामती सेवातर्फ महिला दुई हजार चार सय एक र पुरुष सात हजार नौ सय ३२ गरी १० हजार तीन सय ३३ जनाले आवेदन दिएका प्रतिवेदनमा जनाइएको छ ।

आयोगले जनाए अनुसार विज्ञापनमा एउटा पदका लागि औसतमा ८८ जनाले दर्खास्त भरेका थिए । जिल्लागत रूपमा धनुषाबाट सबैभन्दा बढी १ दशमलव ४७ प्रतिशतले दर्खास्त भरेका थिए । भने दर्खास्त दिनेमध्ये ७३ दशमलव ९३ प्रतिशत बेरोजगार रहेकासमेत आयोगले दाबी गरेको छ ।

### बृहत्तरमा १० महिनादेखिको तलब बाँकी

# सबै २२ कर्मचारी परमादेश माग्दै उच्च अदालतमा

**टुडे समाचारदाता**

काठमाण्डु । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा कार्यरत्त कर्मचारीहरुले १० महिनादेखि तलब, सुविधा नपाउँदा परमादेशको माग गर्दै मंगलबार उच्च अदालत पाटनमा मुद्दा दर्ता गरेका छन् ।

परिषद्का प्रशासकीय अधिकृत चिरञ्जीवी ढुंगानासहित २२ जना कर्मचारीले तलब सुविधा उपलब्ध गराउन माग गर्दै अदालत गुहारेका छन् ।

कर्मचारीहरुले १० महिनादेखि तलब सुविधा पाएका छैनन् । सरकारले चालु खर्च वापत परिषद्लाई वार्षिक २ करोड २० लाख बजेट बिनियोजन गरेको छ । सो रकम परिषद्को खातामा समेत आइसकेको छ । तर अध्यक्ष शीतल साहले कर्मचारीहरुलाई तलब खुवाउने नियमावलीलाई मन्त्रीपरिषद्ले स्वीकृत नगरेकाले तलब दिन नमिल्ने बताउँदै आएका छन् ।

परिषद्को हाल संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव शिवराज रेग्मी निमित्त कार्यकारी निर्देशकको जिम्मेवारीमा छन् । उनले विद्युत र सञ्चार महसुलका लागि चेक काट्न सहमत भए पनि तलबका लागि अध्यक्ष साहले रोकेको बताएपछि कर्मचारीहरु अदालत गुहारेका छन् ।




बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् स्थापना भएदेखि त्यहाँ कार्यरत्त कर्मचारीहरुको तलब सुविधामा रोक लगाएको थिएन । परिक्रमा क्षेत्रलगायत धार्मिक सांस्कृतिक कार्यहरु गर्न समेत बजेट आउने गरेको थियो । तर दुई आर्थिक वर्षदेखि बृहत्तरमा चालु बाहेकको बजेट आएको छैन ।

गत वर्ष नै तत्कालीन अर्थमन्त्री डा.प्रकाशशरण महतले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्लाई खारेज गर्ने सुचीमा राखेका थिए । मधेश प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाले समेत आफ्नो मातहतमा राख्न अस्वीकार गरेपछि बृहत्तर बेकार भएको छ ।

बृहत्तरमा अध्यक्षलाई कुनै सेवा सुविधा दिएको छैन । बृहत्तरको अध्यक्षलाई सेवासुविधा सम्बन्धी निर्णय नेपाल सरकारले गरे अनुसार हुने प्रावधान छ । वर्तमान अध्यक्ष साहले तलब, सुविधालगायत आवास समेतको सुविधा लिन खोजेपछि विवाद भएको बताइन्छ ।

सरकारले निर्णय नगरेको र कर्मचारीहरुमाथि सेवा, सुविधा उपलब्ध गराउन दबाब दिएको कारण नै बृहत्तरमा विवाद उत्पन्न भएको हो ।

कर्मचारीहरुले गरेको मुद्दामा उच्च अदालत पाटनका न्यायाधीश मुनेन्द्र प्रसाद अवस्थीको एकल इजलासले बुधबार दुवै पक्षलाई छलफलका लागि बोलाउने आदेश गरेको छ । छलफलपछि नै अन्तरिम आदेश जारी हुने वा नहुने टुंगो लाग्ने छ ।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्थापना धनुषा र महोत्तरी जिल्लासहित भारतको केही भू-भागलाई जोड्ने धार्मिक, सांस्कृतिक, आर्थिक महत्व भएको बृहत्त माध्यमिकी परिक्रमा क्षेत्रको विकासका लागि थियो ।

परिषद् गठन हुँदा संस्थापक अध्यक्ष रहेका नेपाली कांग्रेसका नेता महेन्द्रनारायण निधिलाई सरकारले मन्त्रीस्तरको सेवा, सुविधा उपलब्ध गराएको थियो । तत्कालीन कार्यकारी निर्देशक महेन्द्रनारायण मिश्रले परिक्रमा सडकको डीपीआर बनाउने लगायत कयौँ महत्वपूर्ण योजनाहरु ल्याएका थिए । भारत सरकारले परिक्रमा क्षेत्रको विकासका लागि सहयोग गर्ने प्रतिबद्धता जनाएको थियो । त्यस अनुरुप कार्य पनि भइरहेको थियो ।

तर पछिल्लो समयमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् आर्थिक अनियमितताको थलो बन्यो । सेतो हाती जस्तो भइसकेको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्लाई सरकारले उद्देश्य अनुरुप बजेट उपलब्ध गराउनु पर्ने अथवा कर्मचारीहरुलाई सेवा सुविधा प्रदान गरी खारेज गर्नुपर्ने माग उठ्न थालेको छ ।

बहृत्तर जनकपुर क्षेत्र विकास परिषद् संघीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तरगत रहेको छ । परिषद्को कार्यकारी निर्देशक सहसचिव स्तरको रहने प्रावधान छ । तर संस्था नै भाँडभैलो भएपछि सबै अस्तव्यस्त बनेको छ ।

## अध्यक्षमाथि जिप्रकामा उजुरी

**टुडे समाचारदाता**


जनकपुरधाम । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहविरुद्ध परिषद्का स्टोरकिपर पदमा कार्यरत्त मदन कुमार चौधरी(सुडी)ले लेनदेन सम्बन्धमा जिल्ला प्रशासन कार्यालय धनुषामा निवेदन दिएका छन् ।

चौधरीले आफूसित एकलाख नगद सापटी लिएको तर १ वर्ष भन्दा पनि बढी वितिसक्दा फिर्ता नगरेको भन्दै निवेदन दिएको बताएका छन् ।

पटक पटक मौखिक ताकेता गर्दा आजभोलि भन्दै टालटुल गरेपछि रकम दिलाइदिन जिप्रकामा निवेदन दिएको उनले बताए ।

गत हप्ता अध्यक्ष साहले चढेर गएको मोटरसाइकलमा चौधरीले परिषद्को परिसरमा नै ताल्चा लगाएका थिए । प्रहरीले दुवै पक्षबीच छलफल गराउने सर्तमा मोटरसाइकल साहलाई दिलाएका थिए ।



# 'कर्मचारीको वृत्तिविकासमा प्रतिवद्ध छौं'



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले स्वास्थ्य सेवा प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने गरी नै कर्मचारीहरूको वृत्ति विकासका लागि तत्कालै व्यवस्था हुने बताएका छन् ।

मुख्यमन्त्री सिंहले स्वास्थ्य सेवाका सिअहेब अधिकृतहरूलाई एक पटकका लागि सातौँ तह कायम गर्ने गरी कानुन संशोधन भएमा स्वास्थ्य सेवा प्रणाली ध्वस्त हुने बताउँदै त्यसो नगर्न हेल्थ असिस्टेन्ट संघ नेपालको मधेश प्रदेश समितिले आज बुझाएको ज्ञापनपत्र बुझ्ेका थिए । उनले संघ तथा अन्य प्रदेशमा भएका अभ्यासहरूको विषयमा अध्ययन गरी प्रदेश सरकारले निर्णय लिने बताए ।

संघले सिअहेब अधिकृतहरूले एक पटकका लागि सातौँ तह माग गरी ज्ञापनपत्र बुझाएको विषय पञ्चानब्बे प्रतिशत स्वास्थ्यकर्मीलाई अमान्य हुने जनाउँदै सो अनुसार व्यवस्था भए शैक्षिक योग्यता र प्राविधिक ज्ञान तथा सिपबिना बढुवा हुने तथा त्यसबाट वरिष्ठ कर्मचारी कनिष्ठ हुने बेथिति सिर्जना हुने विषयमा मुख्यमन्त्रीलाई जानकारी दिएको छ ।

संघका प्रदेश संयोजक धीरेन्द्रकुमार यादवले शैक्षिक योग्यताको अपहेलना हुने गरी सीमित स्वास्थ्यकर्मीको वृत्तिविकासका लागि सिअहेब अधिकृतहरूले एक पटकका लागि सातौँ तहमा बढुवा माग गरेको भन्दै त्यस्तो भएमा स्वास्थ्य सेवा प्रणाली नै संकटमा पर्ने बताए ।

उनले सिअहेब अधिकृतहरूको बढुवा माग संघीय स्वास्थ्य सेवा ऐन २०५३, स्वास्थ्य सेवा नियमावली २०५५, कर्मचारी समायोजन ऐन २०७५ तथा राष्ट्रिय स्वास्थ्य नीति २०७६ को मर्म विपरीत भएको दाबी गरे ।

स्वास्थ्य सेवा ऐनअनुसार प्रवेशिका शैक्षिक योग्यतापछि १८ महिने तालिमप्राप्त अहेबको सेवा प्रवेश खरिदार सरहमा भएर तह वृद्धि भएर छैटौँ तहसम्म जाने व्यवस्था छ ।


नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ९(१) अनुसार अधिकतम दुई तहसम्म स्तर तथा तह वृद्धि हुने प्रावधान रहेको छ । सो अनुसार चौथो तहबाट सेवा प्रवेश गरेका अहेब र अनमीलाई अहेब तथा अनमीलाई पाँचौं तह र सिअहेब र सिअनमीलाई छैटौँ तहसम्म जाने व्यवस्था छ ।

मधेश प्रदेशको स्थानीय सेवाको गठन, सञ्जाल र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा शैक्षिक योग्यताका आधारमा तह वृद्धि हुने प्रावधान रहेको छ । सो अनुसार छैटौँ तहमा समायोजन भएका सिअहेब अधिकृतहरूले एक पटकका लागि सातौँ तह माग गरिरहेका जानकारी दिए ।

सिअहेब अधिकृतहरूको माग सम्बोधन गर्न मधेश प्रदेशको स्थानीय सेवाको गठन, सञ्जाल र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन संशोधन गर्नुपर्ने सुझाव उनीहरुले मुख्यमन्त्री सिंहलाई दिएका थिए ।

# दसैंको मुखमा कष्टकर यात्रा, जोखिमपूर्ण यात्रा नगर्न सुझाव

**काठमाडौं-नारायणगढ सडकका दर्जनौं ठाउँमा भत्किएको सडक गाडीको अत्यधिक चापका कारण राम्री सवारी साधन सञ्चालन हुने गरी सडक व्यवस्थापन गर्न सक्ने अवस्थासमेत छैन । हेर्दा कामचलाउका रुपमा मात्रै यातायात सञ्चालन गरिएको छ । सामान्य पानी परेको खण्डमा यातायात पूर्णरुपमा अवरुद्ध हुने अवस्था रहेको नेपाल प्रहरीका सहायक प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारी बताउनुहुन्छ ।**



काठमाण्डु । वर्षाका कारण देशका अधिकांश राजमार्ग तथा सडक भत्किँदा नेपालीहरुको महान् चाड दसैंको मुखमा यात्रा कष्टकर बनेको छ । दसैंका लागि पोकोपुन्तुरा बोकेर आफन्तसँगै रमाइलो गरी पर्व मनाउन हिँडेका यात्रु अहिले ठाउँठाउँका सडकमा अलपत्र छन् । कतिबेला घर पुग्ने हो ठेगान छैन । अन्य प्राकृतिक विपत्तिले झ्याप्ले खोलामा आएको पहिरोमा नागरिक बिलाए झैँ हुने हो कि भन्ने त्रासमा यात्रा गर्न बाध्य छन् ।

यही असोज ११ गतेदेखि नै काठमाडौँको नागढुङ्गा हुँदै जाने सवारी साधन गन्तव्यमा जान सकेका छैनन् । सामान्य रुपमा सडकमा खसेको पहिरो हटाएर सवारी साधन कछुवाको गतिमा चल्न सुरु भएलगत्तै असोज १४ गते दिउँसोबाट रात्रिकालीन सवारी साधन काठमाडौँबाट छुटाउन थालिएको थियो । दसैंका यात्रु भरिभराउ ती रात्रिकालीन बस एकैचोटि निस्किए ।

राजमार्गमा सुस्त गतिमा मात्रै सवारी साधन चल्नसक्ने अवस्थामा यातायातको चाप अत्यधिक हुँदा र चालकको ' ओभरटेक' गर्ने पुरानै नराम्रो बानीले सडक खुले पनि जामको समस्या कायमै छ । यद्यपि बीचबीचमा पुनः पहिरो खस्ने क्रम जारी तथा ठाउँठाउँमा एकतर्फी सडकले जाम थपिएको छ ।

त्यसैले अब यात्रुहरुले यो दसैंमा घर पुग्न ठूलै युद्ध जिते झैँ हुने अवस्था रहेको चितवन जान लागेका यात्रु कृष्ण शर्माले बताउनुभयो । सोमबार राति ११ बजे नागढुङ्गा नाका हुँदै उपत्यका छाड्ने यात्रु बोकेका सवारी साधनहरु काठमाडौँको नैकापसम्म लाइन थियो । आज पनि ती सवारी साधन राम्ररी अघि बढ्न सकेका छैनन् । यस्तै, पूर्व र पश्चिम नेपाल जाने राजमार्ग पनि राम्ररी सञ्चालन हुन सकेका छैनन् । नेपाल प्रहरीका अनुसार आज पनि २० भन्दा बढी ठाउँमा राजमार्ग अवरोध नै रहेको तथ्याङ्क छ । केही ठाउँमा पहिरो हटाउने र सडक खुलाउने काम पनि जारी छ ।

सडक यात्रा जोखिमपूर्ण रहेपछि अहिले हवाई यात्रुको सङ्ख्या थेगिनसक्नु भएको छ । नारायणगढबाट बुटवल हुँदै जाने सडकको दाउन्ने खण्डमा सडक भाँसिएका कारण उक्त खण्ड पनि पूर्णरुपमा बन्द हुँदा सवारी साधनको चाप थपिएको छ । बिपी राजमार्ग पनि क्षतविक्षत अवस्थामा रहेको प्रहरीले जनाएको छ ।

काठमाडौँ-नारायणगढ सडकका दर्जनौँ ठाउँमा भत्किएको सडक गाडीको अत्यधिक चापका कारण राम्री सवारी साधन सञ्चालन हुने गरी सडक व्यवस्थापन गर्न सक्ने अवस्थासमेत छैन । हेर्दा कामचलाउका रुपमा मात्रै यातायात सञ्चालन गरिएको छ । सामान्य पानी परेको खण्डमा यातायात पूर्णरुपमा अवरुद्ध हुने अवस्था रहेको नेपाल प्रहरीका सहायक प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारी बताउनुहुन्छ ।

समयमै गन्तव्यमा यातायातका साधन जान नसकेपछि यातायातको 'चेन ब्रेक' हुने अवस्थाले गर्दा यात्रुको चाप बढ्ने, यातायात अव्यवस्थित हुने, यात्रुको तँछाडमछाड हुने र त्यसले दसैंसम्म नै यात्रा कष्टकर हुनसक्ने देखिएको छ । यातायात व्यवस्था विभागले यही असोज १४ गतेदेखि देशभर बाटो इजाजत खुला गरेकाले अब गाडीको चाप झन् बढ्न थालेको छ ।

पानी पर्दै नपरेको खण्डमा दसैं आसपाससम्म यातायात पूर्णरुपमा सहज पार्ने प्रयास जारी रहेको गृह मन्त्रालयले जनाएको छ । गृह मन्त्रालयका प्रवक्ता, सहसचिव ऋषिराम तिवारी अहिले कसरी हुन्छ रोकिएका यातायातलाई गन्तव्यमा पुर्याउने र यातायात सहज आवागमन पार्ने भन्नेमै सरकारको ध्यान रहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "प्राथमिकताका आधारमा अत्यावश्यक र यात्रुवाहक साधनलाई पठाउने गरिएको छ, त्यसपछि खाद्यान्न, इन्धनलगायत बोकेका अत्यावश्यक सवारी साधनलाई प्राथमिकतामा राखेर व्यवस्था भइरहेको छ ।"

प्रवक्ता तिवारीका अनुसार केही ठाउँमा पहिरो गएको र झ्याप्ले खोलामा पनि एकतर्फी जस्तै छ । त्यसैले समस्या भएको उहाँले बताउनुभयो । अब दाउन्नेमा पनि एकतर्फी खुलेको र धादिङको पहिरो हटाइसकेका कारण यातायात आवागमन सहज बन्दै जाने उहाँले बताउनुभयो ।

उहाँका अनुसार अहिले बिहान ११ देखि १ बजेसम्म बीचबीचमा सवारी साधन रोकेर दुईतर्फी यातायात खुलाउने गरी काम अघि बढाउने निर्णय भएको छ । अबको केही दिनमा पुरानै अवस्थामा यातायात आवागमन सहज हुनेगरी व्यवस्थापन कार्यलाई तीव्रता दिइएको उहाँले बताउनुभयो । यो चाडपर्वमा १८ लाख मानिसले राजधानी छाड्ने अनुमान यसअघि नै गरिएको थियो ।

यही अवस्थामा गाडी लैजान सक्दैनौँ

नेपाल याातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला अब दसैंको बुकिङ नै बन्द गर्न लागिएको बताउनुहुन्छ । यो अवस्थामा कुनै हालतमा यात्रुलाई गन्तव्यमा लैजान नसकिने उहाँले राससलाई बताउनुभयो ।

वरिष्ठ उपाध्यक्ष सिटौलाले भन्नुभयो, "विषम परिस्थिति, वर्षालगायत कारण राज्यले व्यवस्थापन गर्न सकिरहेको छैन, विपी राजमार्ग ठप्पै छ, त्यहाँ ६०० सवारी साधन रोकिएका छन्, चालक खान नपाएको भनेर आफूलाई फोन गरिरहेका छन्, दुवै पट्टि पहिरो गएर बीचमा जोखिमपूर्ण अवस्थामा गाडी अड्किरहेका छन्, हामीले खाना नै पुर्याउन सकिरहेका छैनौँ, सरकारले पनि सकेको छैन, अनि कसरी चलाउन सकिन्छ गाडी ?"

वरिष्ठ उपाध्यक्ष सिटौलाले नागढुङ्गाबाट बाहिर जान चार दिनअघिका गाडी बल्ल पठाइएको बताउनुभयो । "जाम जारी छ, धादिङ र दाउन्नेमा पहिरो खसिरहेकै छ, देशभरको सडक अस्तव्यस्त भएका कारण समस्या ठूलो छ, फेरि वर्षा हुने भनिरहेको छ, बीचमा रोकिएका गाडी र यात्रु जोखिममा परे, केही भए जिम्मा कसले लिन्छ ? वर्षा नहुँदा पनि सुक्खा पहिरो खसिरहेको छ, यातायात रोकिँदा अब हाम्रो सबै 'सेडुअल' बिग्रियो, अब हामीले टिकट बुक गर्न सक्ने अवस्था छैन, यदी गाडी समयमा आउने अवस्था नरहे यात्रुका पैसा फिर्ता गर्नेछौँ ।"

वर्षाका कारण विपत्तिको सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न ढिला गर्न नहुनेमा उहाँले सरकारलाई सुझाव दिनुभयो । मान्छेको ज्यान बचाउन राज्यले ध्यान दिनुपर्छ भन्दै सिटौलाले दसैं पछि पनि मनाउन सकिने भएकाले अहिले ख्याल गर्नुपर्ने बताउनुभयो । आज पनि बिहान ११ बजेदेखि गाडी रोक्न अनुरोध आएको सुनाउँदै उहाँले एक ठाउँमा भए गाडी रोकौँला पन्छाएपछि सहज जाउँला भन्ने हुन्छ, जतातत्तै भत्किएको अवस्थामा सहज सञ्चालन हुने अवस्था नै नरहेको उहाँले सुनाउनुभयो । पहिरोको त्रास कायमै रहेको अवस्थामा बेलैमा सरकारले निर्णय गरोस् भन्ने आफूहरुको माग रहेको उहाँले बताउनुभयो ।

**'अहिले घर जान हतार नगरौं'**

यातायात क्षेत्रका विज्ञ आशिष गजुरेल अहिलेको अवस्थामा यातायात सहज बनाउन सकिने अवस्था छ भने सहज बनाउने, होइन अवस्था जटिल छ भन्ने देखिएको त्यो सडक बन्द नै गरेर काम गर्नुपर्ने बताउनुहुन्छ । राससँग कुरा गर्दै उहाँले भन्नुभयो, "कहाँ-कहाँ व्यवस्थापन गर्न सकिन्छ गर्ने र सुधार गर्नसक्ने ठाउँमा सुधार गर्नुपर्छ, तत्काल व्यवस्थापन गर्न सकिँदैन भने बन्द नै गर्नुपर्छ, दसैं छ भनेर जोखिममा यात्रा गराउनु हुन्न ।"

अहिले पनि सडकमा पहिरो खस्ने र ढुङ्गा खस्ने क्रम जारी रहेको उल्लेख गर्दै उहाँले सुधार गरेर सञ्चालन गर्दा जोखिम छैन भन्ने लागेको क्षेत्रमा सञ्चालन गर्ने तर सडक व्यवस्थापनमा समय लाग्ने छ भने हतार गर्न नहुने सुझाव दिनुभयो । "दसैंमा यात्रुको चाप छ भनेर ज्यानको जोखिम राखेर सवारी साधन सञ्चालन गर्नु भएन", उहाँले भन्नुभयो, "त्यसैगरी सञ्चालन गर्दा झ्याप्ले खोलामा त्यती ठूलो घटना भयो, गाडी नचलाउ भन्दाभन्दै चलाएका कारण झ्याप्ले खोलामा घटना भएको थाहा नै छ ।"

उहाँका अनुसार जहाँ पनि सडक खनेको ठाउँमा सानो ठूलो पहिरो खसरिहेको र यसले जोखिम कायम छ भनेर देखाउँछ । आगामी दिनमा पनि ठूलो क्षति गराउन सक्ने उहाँको भनाइ छ । "यो अवस्थामा जबरजस्ती गरेर घर जानलाई हतार गर्नु हुँदैन, ज्यान रह्यो भने दसैं त फेरि पनि मनाउन पाइहालिन्छ", गजुरेलले भन्नुभयो, "यात्रुले पनि जबरजस्ती जान नखोजौँ, सरकारले पनि जोखिम छ भनेर यकिन भएको ठाउँमा गाडी जान रोक्नैपर्छ ।"रासस

# बाढीपहिरोमा परी दुई सय १८ जनाको मृत्यु, २७ बेपत्ता

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले बाढीपहिरामा परी देशभर २१८ जनाको मृत्यु, २७ बेपत्ता र १४३ जना घाइते भएका जानकारी दिँदै विपद्पछिको प्रतिकार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको स्पष्ट पार्नुभएको छ ।

प्रतिनिधिसभा राज्यव्य तथा सुशासन समितिको मंगलबारको बैठमा उहाँले विपद्मा परेका नागरिकको खोज तथा उद्धार र राहतमा सरकार केन्द्रित भएको बताउनुभयो ।

उहाँले घाइतेको निःशुल्क उपचार र पहिरोका कारण अवरुद्ध मुख्य राजमार्ग र सहायक राजमार्ग खोलेर आवागमन सहज बनाउनेतर्फ सरकार केन्द्रित भएको जानकारी दिनुभयो । "खोज तथा उद्धार जारी छ । राहत सामग्री वितरणको कार्य पनि जारी छ । सरकारी अस्पतालमा घाइतेको निःशुल्क उपचार भइरहेको छ । राहत सामग्री परिचालन र पुनःस्थापनालाई प्रभावकारी बनाउन जिल्ला विपद् व्यवस्थापन समिति सक्रियतापूर्वक लागेका छन्",उहाँले भन्नभुभयो ।

बैठकमा गृहमन्त्री लेखकले बाढीपहिरामा परी देशभर २१८ जनाको मृत्यु, २७ बेपत्ता र १४३ जना घाइते भएका जानकारी दिनुभयो । नेपाली सेना, नेपाल प्रहरी,सशस्त्र प्रहरी बल नेपाल र स्वयम्सेवकले विपद्मा फसेका चार हजार २२ जनाको उद्धार गरेका उहाँले बताउनुभयो ।

पचास वर्षपछि भारी वर्षा भएको जानकारी दिँदै उहाँले काठमाडौँ उपत्यका र बागमती प्रदेश बढी प्रभावित भएका बताउनुभयो । रासस

# विपद् प्रभावितलाई तत्काल राहत सामग्री वितरण र पुनःस्थापना गर्न निर्देशन

काठमाण्डु । प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिले बाढीपहिराका कारण सडक अवरुद्ध हुँदा विभिन्न राजमार्गमा अलपत्र यात्रीहरुलाई तत्काल उद्धार गरेर गन्तव्यमा पु-याउन सरकारलाई निर्देशन दिएको छ ।

समितिको मंगलबारको बैठकले अवरुद्ध राजमार्ग पुनःसञ्चालन तथा वैकल्पिक सहायक मार्गको उचित प्रबन्ध मिलाउन सरकारलाई निर्देशन दिएको हो ।

सडक यातायात अवरुद्ध भएका बेला अस्वाभाविक रुपमा हवाई भाडा वृद्धि भएकातर्फ सरकारको ध्यानाकर्षण गराउँदै हवाई भाडाको अनुगमन गर्न, सडकको पहुँच नपुगेको जिल्लामा हवाई यातायातको व्यवस्था गर्न, दैनिक उपभोग्य वस्तुको कालोबजारी, कृत्रिम अभाव र मूल्यवृद्धि हुन नदिन बजार अनुगमनलाई प्रभावकारी बनाउन सरकारलाई दिर्नेशन दिइएको समितिका सभापति रामहरि खतिवडाले जानकारी दिनुभयो ।

बैठकले सम्भव भएका सबै उपाय अवलम्बन गरी विपद् प्रभावितलाई राहत सामग्री वितरण र पुनःस्थापनाको काम अघि बढाउनसमेत निर्देशन दिएको छ ।रासस

# पूर्वबाट फेरि मौसम बदली सुरु

काठमाण्डु । ठूलो विपत्तिको सामना गरेर केही दिन खुलेको मौसममा मंगलबारदेखि कोशी प्रदेशबाट फेरि बदली सुरु भएको छ । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार अहिले कोशीमा बादलले ढाकिसकेको र त्यसको असर कोशीसहित मधेश प्रदेश, बागमती र गण्डकीसम्म देखिने जनाइएको छ ।

मौसमविद् प्रतिभा मानन्धरले भन्नुभयो, "बादल लाग्ने र हल्कादेखि मध्यम वर्षा हुने छ । विशेष गरी कोशी प्रदेशमा हल्का र मध्यम वर्षा हुने छभने मधेश, बागमती र गण्डकी प्रदेशसम्मै फैलिने छ, सुदुरपश्चिम, कर्णाली र लुम्बिनीमा कम नै छ ।" यो असर भोलि र पर्सीसम्मै रहने जनाइएको छ । तर ठूलो अनि लगातारको वर्षा भने नहुने उहाँले बताउनुभयो ।

तर यसअघिको वर्षाले देशका सबै भूभाग गलेको हुँदा थोरै पानी पर्दा पनि बाढीपहिरोको सम्भावना रहेको जनाइएको छ । हाल देशभर मनसुनी वायुको प्रभाव कायमै छ । भारतको मध्य प्रदेश र आसपास क्षेत्रमा रहेको न्यून चापीय प्रणालीको आंशिक प्रभाव नेपालमा रहेको उहाँले बताउनुभयो । आज राति कोशीलगायत देशको पहाडी भूभागमा आंशिकदेखि साधारणतया बदली हुने छ र हल्कादेखि मध्यम वर्षा पनि हुने जनाइएको छ । असोज १६ गते कोशी, मधेश प्रदेश र बागमती र गण्डकी प्रदेशमा बदली भई हल्कादेखि मध्यम वर्षा हुने छ । रासस


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



दशै आगमन हुन एक दिन मात्रै बाकि रहेको अवस्थामा पनि **जनकपुरधामको** पेठीया बजारमा चहल पहलमा कमी नै देखिएको छ। चाडपर्वमा पनि उपभोक्ता उत्साहित देखिएन। *तस्विर : संजय कुमार यादव*

# वीरगञ्ज नाकाबाट धान-चामल आयात घट्यो



वीरगञ्ज । वीरगञ्ज नाकाबाट चालु आर्थिक वर्षको दुई महिनामा धान-चामलको आयात घटेको छ । चालु आवको भदौसम्म रु ९६ करोड ३२ लाख ५६ हजारको रु दुई करोड ६३ लाख ३४ हजार सात सय ९० किलो धान आयात भएको छ ।

गत आवको सोही अवधिमा रु एक अर्ब ३१ करोड २९ लाख १० हजारको रु तीन करोड ७९ लाख ५१ हजार पाँच सय ६६ किलो धान आयात भएको थियो । गत आवको तुलनामा चालु आवको सोही अवधिमा धानको आयात ३० दशमलव ६१ प्रतिशतले घटेको हो ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले गत आवको तुलनामा चालु आवमा धान र चामलको आयातमा केही कमी आएको बताउनुभयो । चालु आवको भदौ मसान्तसम्ममा कनिका आयातमा पनि कमी आएको छ ।

चालु आवको भदौ मसान्तसम्ममा रु २२ करोड १७ लाख २८ हजारको १६ लाख ८८ हजार नौ सय किलो चामल तथा कनिका आयात भएको छ । गत आवको सोही अवधिमा रु २६ करोड पाँच लाख २७ हजारको २२ लाख तीन हजार नौ सय किलो चामल तथा कनिका आयात भएको थियो ।

गत आवको तुलनामा चालु आवको सोही अवधिमा २३ दशमलव ३७ प्रतिशतले चामल तथा कनिकाको आयात घटेको हो ।

चालु आवमा दुई महिनामा मकैको आयात पनि घटेको छ। भदौ मसान्तसम्ममा ६१ करोड २४ लाख ७८ हजारको एक करोड ५० लाख ३८ हजार किलो मकै आयात भएको छ ।रासस

# प्रधानाध्यापकसहित तीन जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

राजविराज । भौतिक संरचना निर्माण, छात्रवृत्ति रकम र पाठ्यपुस्तक खरिदमा अयिनमितता गरेको आरोपमा सप्तरीको शंकर माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापकसहित तीनजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शंकर माध्यमिक विद्यालय बरमझियाका प्रधानाध्यापक दिलीपकुमार गुप्ता, शिक्षक हृदयराम चौधरी र विद्यालयका कर्मचारी श्रवणकुमार चौधरीविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले बताए अनुसार प्रधानाध्यापक गुप्ताविरुद्ध ६ लाख ४९ हजार ९ सय १६ रुपैयाँ बिगो कायम गरी बिगो बमोजिम जरिवाना र हिनामिना भएको बिगो बमोजिमको रकम असुलउपर गर्नुपर्ने माग दाबी गरिएको छ ।

त्यस्तै शिक्षक हृदयराम चौधरीविरुद्ध ६२ हजार ५ सय ८३ रुपैयाँ र कर्मचारी श्रवणकुमार चौधरीविरुद्ध ५ लाख ८७ हजार ३ सय ३३ रुपैयाँ बिगो कायम गरी मुद्दमा दायर गरिएको छ ।

प्रधानाध्यापक गुप्ताविरुद्ध आर्थिक वर्ष २०७१/०७२ मा विद्यालयको शौचालय निर्माणका लागि निकासा भएको बजेट हिनामिना गरेको, विद्यार्थीका नाममा आएको छात्रवृत्ति नबाँडेर अनियमितता गरेको, आर्थिक वर्ष २०७३/०७४ मा राहत शिक्षकका लागि अनुदानबापत आएको रकम विद्यालयको खातामा नराखी आफैं बुझेको, पाठ्यपुस्तक खरिदमा हिनामिना गरेकोलगायत विषयमा अख्तियारले अनुसन्धान आयोगले आरोप लगाएको छ ।

अनुसन्धानका क्रममा शौचालय निर्माणमा ६२ हजार ५ सय ८३ रुपैयाँ, छात्रवृत्ति रकममा ३ लाख १० हजार ४ सय रुपैयाँ, पाठ्यपुस्तक खरिदका लागि बिनियोजित बजेटमा १ लाख २६ हजार २ सय ४७ रुप्यौं र राहत शिक्षकको तलबभत्तामा १ लाख ५० हजार ६ सय ६८ रुपैयाँ हिनामिना गरेको पुष्टि भएपछि हिनामिना भएको रकमलाई बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर भएको अख्तियारका सहायक प्रवक्ता थपलियाले बताए ।

त्यस्तै विद्यालयको शौचालय निर्माण गरेबापत २ लाख रुपैयाँको चेकमा हस्ताक्षर गरी फिल्डमा १ लाख ३७ हजार ४ सय १६ रुपैयाँको मात्रै काम गरी बाँकी हिनामिना गरेको भेटिएपछि हिनामिना भएको रकमलाई बिगो कायम गरी प्रतिवादी बनाइएको छ ।

सो विद्यालयका कर्मचारी चौधरीले प्रधानाध्यापक गुप्तासँगको मिलेमतोमा छात्रवृत्तिको ३ लाख १० हजार ४ सय रुपैयाँ, राहत शिक्षकको तलवभत्ताको १ लाख ५० हजार ६ सय ८६ रुपैयाँ र पाठ्यपुस्तक खरिदको नक्कली बिल बनाइ १ लाख २६ हजार २ सय ४७ रुपैयाँ अनियमितता गरेको आरोप उनीमाथि लगाइएको छ ।

# मिट क्याम्पसलाई बदनाम गर्ने कोशिस भइरहेको छ : प्रमुख साह

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको प्रख्यात कलेज मध्ये एक रहेको मिट क्याम्पसलाई केहि व्यक्तिले जवरजस्ती बदनाम गर्ने प्रयास गरिरहेको क्याम्पस प्रमुख मनोज साहले आरोप लगाएका छन् ।

मंगलबार टुडेकर्मीसंग कुराकानी गर्दै प्रमुख साहले जनकपुरधामको शिक्षा क्षेत्रलाई देश व्यापीरुपमा उतकृष्ट बनाउदै लग्दै गरेको अवस्थामा मिट क्याम्पसलाई विवादमा ल्याएर बदनाम गर्ने षडयन्त्र स्वरुप यस्तो कार्य भइरहेको उनले आरोप लगाए । उनले भने,'आफुले जनकपुरधाम उपमहानगरपालिकाकै शिक्षा नीति अनुरुप काम गरिरहेको र यसमा केहि फेरबदल भएर आफु परिवर्तन गर्न तयारनै रहेको अवस्थामा सूचना माग्ने नाउमा होहल्ला र विवाद निम्त्याउनु शिक्षा क्षेत्रलाई धाराशायी तुल्याउनु रहेको छ ।'शुल्क बढि लिएको आधार बनाएर सूचना माग्ने नाममा नेवि संघका पदाधिकारीहरुले अराजक रुपमा प्रस्तुत भई धाक धम्की दिएको आरोप लगाए । उनले सूचना माग्न कसैलाई पनि नरोकेको बताउदै सूचना माग्ने प्रक्रिया गलत रहेको बताए । हामीहरुको अधिकारिक निकाय स्थानीय तहबाट सहज रुपमा उहाँहरुले सूचना पाउन सक्नुहुन्छ,उनले भने, 'तर त्यहाँ नगई बिना कुनै सूचनाको एक्कासी क्याम्पसमा आएर अराजक ढंगले प्रस्तुत हुनु गलत कुरा हो ।'



उनले हरेक सूचना सबैलाई दिन नमिल्ने बताउदै विद्यार्थीको नामावलीसहित अभिभावकको विवरण दिनु तिनीहरुको गोपनीयता रहेकोले भोलीको दिनमा ती सूचनाको दुरुपयोग हुन सक्ने हुँदा त्यस्ता सूचना दिनबाट पन्छिएको बताए । यदि उहाँहरुलाई शुल्कमै आपति छ भने उच्च मावि तहका अधिकारिक निकाय स्थानीय तह हो। त्यसले ग्रेड निर्धारणको माध्यमबाट जुन दररेट निर्धारण गर्छन हामी त्यसै अनुरुप लिन्छौं,उनले भने ।

नेवि संघका साथीहरुले जनकपुरधाममा आएर शुल्क बढी लियो भने फिर्ता र समोजन गर भनी धाक धम्की दिइरहेका छन् । तर काठमाडौमा कक्षा ११ र १२ को अढाई लाख रुपैयासम्म शुल्क लिइरहेका छन् । त्यहाँ गएर किन बोल्दैनन् प्रतिप्रश्न गर्दै साहले भने हामीहरु नेपालभरिमै सस्तो दरमा पढाइरहेको अवस्थामा यहाँ आएर अराजकता मचाउनु न्यायोचित भएर यसप्रति सम्बन्धित पार्टी र संगठनले पनि चासो लिन जरुरी रहेको छ ।

यता निजी क्याम्पसहरुको संगठन हिसान धनुषाका अध्यक्ष संजिव ठाकुरले जनकपुरधामका क्याम्पसहरुले शिक्षामा ल्याएको गुणस्तरीयता र न्यून शुल्कका कारण विद्यार्थी काठमाडौ लगायतका क्षेत्रमा लाखौ तिर्न नगई यहीं पढि रहेको र काठमाडौ लगायतका क्षेत्रमा विद्यार्थी यहाँबाट जान बन्द भएपछि त्यहींबाट यहाँ भाँडभैलो मचाउन रणनीति स्वरुप भइरहेको बताएका छन् । सूचना माग्ने नाउमा बिना कुनै जानकारीको एक्कासी क्याम्पसहरुमा प्रवेश गरी यतिकै शुल्क, यति विद्यार्थीलाई छात्रवृति दिनु लगायतका धाकधम्की दिनु, विद्यार्थीलाई जानकारी गराउने बहानामा बिना इजाजत कक्षा कोठामा गई पढाई बाधित गरेर त्रासको वातावरण बनाउनु गलत रहेको उनले बताए ।

उनले भने हामीहरुको यहाँको अभिभावकीय निकाय स्थानीय तह (जनकपुरधाम उपमहानगरपालिका) हो । हामी उच्च मावि तहका निजी क्याम्पसहरुले लिइरहेको शुल्कदेखि लिएर छात्रवृति र विद्यार्थी संख्याको विवरण उपलब्ध प्रत्येक वर्षमा बुझाउँदै आएका छौं । त्यहाँबाट सहज ढंगबाट लिन सकिन्छ नभई त्यहाँबाट लिखित स्वीकृति लिएर आएमा दिन सक्छौ । नभए राष्ट्रिय सूचना आयोगको प्रक्रियामा आएर विधिपूर्वक हामी सूचना उपलब्ध गराउनेछौं ।

विगत केहि दिन देखि क्षात्रवृति रकम बढि लिएको भन्दै विद्यार्थी उचालेर आन्दोलन गर्न लगाई क्याम्पसलाई बदनाम गर्ने कार्य सुरु गरिएपछि क्याम्पसले मंगलबार स्थानियतह जनकपुरधाम उपमहानगरपालिकालाई गुहारेका छन् । प्राप्त जानकारि अनुसार क्याम्पसमा भएको विवाद समाधानका लागि मिट क्याम्पस र जनकपुरधाम उपमहानगरपालिकासंग मंगलबार बैठक बस्ने भएको छ ।

जनकपुरधाममा उतकृष्ट शिक्षा दिएर जनकपुरधाममै टप कलेज मध्ये एक रहेको मिट क्याम्पसले जनकपुरधाम लगायत मधेश प्रदेशकै विद्यार्थीहरुको मन जित्न सफल रहेको छ ।

# बाढीबाट पुल भासिदा राजविराज भन्सारको राजस्व सङ्कलन प्रभावित

राजविराज । केही दिनअघिको अविरल वर्षाका कारण जीता खोलाको आएको बाढीले राजविराज-कुनौली सडकखण्डमा रहेका पुल भासिदा आवतजावतमा समस्या भएको छ । साथै भारतसंग जिल्लालाई जोड्ने प्रमुख सो सडक वर्षाले पूर्ण रूपमा अवरुद्ध भएको छ । यसबाट तिलाठी कोइलाडी गाउँपालिका-१ तिलाठीस्थित राजविराज भन्सार कार्यालयको राजश्व सङ्कलनमा प्रभावित समेत भएको छ । अहिले सो सडक र भासिएको पुलबाट पानी बगिरहेको छ ।



वर्षा हुनासाथ जीर्ण रहेका पुलबाट आवतजावत गर्न र सडक कटानको समस्या दोहोरिने जनाइएको छ । साथै कटानसमेत हुने गरेको छ । स्थानीयवासी विन्देश्वरी यादवले जीता खोलामा आएको बाढीले पुल बगाउँदा तिलाठीस्थित राजविराज भन्सारसम्म आवतजावत गर्न समस्या भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "वर्षाका कारण वस्ती डुबानमा नै रहेको अवस्था छ । राजविराज-कुनौली सडकखण्डमा सवारीसाधनको आवतजावत पूर्ण रूपमा अवरूद्ध छ । "

सो सडकखण्ड अवरुद्ध हुँदा मल्हनियाँ जानका लागि १० किलोमिटर घुमेर जानुपर्ने बाध्यता रहेको र कुनोली बजारमा पुग्न एक घण्टा लाग्ने गरेको उहाँले बताउनुभयो ।

वर्षायाम सुरु भएसँगै यो सडकखण्डमा पैदल आवतजावत गर्न पनि अपठ्यारो हुने गरेको स्थानीयवासी बिन्दुलाल मुखियाले बताउनुभयो ।

भारतबाट कुनौली हुँदै आएका मालवाहक सवारी भन्सार कार्यालय पुग्ने मुख्य बाटो यही हो ।

सडक अवरुद्ध हुँदा सरकारले उठाउने राजस्वमा त असर पर्छ नै स्थानीयलाई समेत जोखिम थपिएको छ । दुई वर्षअघि आएको बाढीले सडक भासिदा दुई जना बेपत्ता भएका थिए । कटानका कारण गाउँका बासिन्दालाई सदरमुकाम राजविराज पुग्न पनि कठिनाइ खेप्नुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन् ।तिलाठी कोइलाडी गाउँपालिका-१ का वडाध्यक्ष दिनेश्वर मिश्र सडक कटानको समस्या तीन दशकभन्दा बढी समयदेखि रहेको बताउनुहुन्छ । उहाँले खाँडो र जीता नदीको बहाव सही तरिकाले व्यवस्थापन नहुँदा निरन्तर यो समस्याले यात्रीलाई सास्ती दिँदै आएको जानकारी दिनुभयो । यद्यपि सरकारले गम्भीरता नदेखाएपछि यहाँका स्थानीय बासिन्दालाई वर्षायाममा यस्ता समस्या भोग्नुपर्ने नियति नै बनेको छ । "यो समस्या हरेकपटक वर्षायाममा आउँछ तर राज्यले गम्भीरता देखाउँदैन", उहाँले भन्नुभयो, "यसले राजविराज भन्सार कार्यालयको राजस्व सङ्कलनमा पनि निकै गिरावट आउँछ, यो समस्या जति चाँडो समाधान हुन्छ, स्थानीयसँगै राज्यका लागि त्यति नै फलदायी हुन्छ ।"

तिलाठीस्थित राजविराज भन्सार कार्यालयका सूचना अधिकारी अजयप्रकाश भगतले राजविराज जोडिने कुनौलीको पूर्वी भेगसम्मको बीच बाटोमा रहेको पुल र सडक जीता खोलाले बगाएर क्षति गर्दा राजस्व सङ्कलनमा धेरै गिरावट आएको बताउनुभयो ।

उहाँले राजविराज भन्सारसम्म सवारीसाधन आउन नसकेका कारण आर्थिक वर्ष २०८१/८२ को साउन र भदौमा लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको बताउनुभयो ।

कार्यालयसम्म आउने बाटो जीर्ण र समय-समयमा बाढीले सडकमा क्षति गरेको सडक पुनःनिर्माण नभएका कारण राजस्व सङ्कलन प्रभावित भएको सूचना अधिकारी भगत बताउनुहुन्छ । उहाँले भन्नुभयो, "साउनमा रु ६७ लाख २३ हजार सङ्कलन गर्ने लक्ष्य रहेकामा २३ लाख ८८ हजार सङ्कलन भएको र भदौमा रु ६३ लाख ५५ हजार लक्ष्य रहेकामा रु १९ लाख ३८ हजार राजस्व असुली भयो ।"

कुनोली बजार आवतजावतका लागि पुल नभएका कारण पनि राजस्व सङ्कलमा कमी आएको उहाँले बताउनुभयो । यस्तै राजविराज भन्सारदेखि पूर्वतर्फको पुलसमेत बाढीले बगाउँदा नेपाली दैनिक उपभोग्य सामानमा किन्न निर्भर रहने कुनोली बजार जानसमेत समस्या छ । राजविराजदेखि १० किलोमिटर दक्षिणपूर्वमा भारतीय सिमानामा रहेको कुनोली बजारमा दैनिक उपभोग्य सामान किन्नेहरूको भीड लाग्ने गर्दछ ।

दसैंतिहारका बेला बजार जाने नेपाली तिलाठीबाट दक्षिण खोला तरेर कुनोली बजार जाने बाटोमा समेत पुल नभएकाले सास्ती खेपिरहेको हनमुननगर कङ्कालनी नगरपालिका-१४ का वासुदेव मण्डलले बताउनुभयो ।

कुनोली बजारमा दैनिक उपभोग्य सामान किन्नका लागि जिल्लाको राजविराज, हनुमाननगर, भारदह, कञ्चनपुर, रुपनी, डिवन र तिलाठी कोइलाडी गाउँपालिकाको लौनिया, सकरपुरा, रम्पुरा, मल्हनिया र तिलाठीका सर्वसाधारण जाने गर्दछन् ।रासस

# जनताका पीडालाई राष्ट्रिय पीडा मानेर सहयोग गर्न प्रधानमन्त्रीको आव्हान


काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले बाढी, पहिरो र डुबानका कारण जनताले भोगिरहेका पीडालाई राष्ट्रिय पीडा मानेर सहयोग गर्न सबैलाई आव्हान गर्नुभएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोजित पत्रकार सम्मेलमा प्रधानमन्त्री ओलीले यो बेलामा जनताले भोगिरहेका पीडालाई साझा समस्य मानेर खोज, उद्धार, राहत र सहयोगमा साथ दिन आग्रह गर्नुभयो ।

"यो पीडा सरकारको मात्रै होइन, सिङ्गो समाजको दुःखको विषय हो । हामी सबै विपद्का घटनाबाट दुःखी छौं," प्रधानमन्त्री ओलीले भन्नुभयो, "कतिपय संरचनागत त्रुटीका कारण पनि क्षतिहरू भएका छन् । आगामी दिनमा संरचना निर्माण गर्दा विपद्को सामना गर्न सक्ने र दीर्घकालीनरूपमा सबल संरचना बनाइनेछ ।"



प्रधानमन्त्री ओलीले सरकारको पूर्व तयारीभन्दा ठूलो मात्रामा विपद् आएकाले उद्धार र खोजमा कमीकमजोरी भएको हुनसक्ने तर आगामी दिनमा त्यस्ता कुरालाई सच्च्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले राज्य र समाजसँग भएका स्रोत, साधनको सक्दो उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# महत्वपूर्ण अवसर गुम्यो

भारत उत्तर प्रदेश राज्यकी राज्यपाल (गभर्नर) आनन्दीवेन पटेलको जनकपुरधामको धार्मिक भ्रमण रद्द भएको छ। भारतीय जनता पार्टी(भाजपा) पार्टी र सरकारमा उनी अत्यन्त प्रभावशाली रहेकी छन्। भगवान रामको जन्मस्थली अयोध्या समेत पर्ने उत्तर प्रदेश भारतको राजनीतिमा निर्णायक भूमिका निर्वाह गर्छ। नेपाल र भारतबीचको धार्मिक सांस्कृतिक सम्बन्ध जोड्ने प्रमुख स्थल जनकपुरधाम र अयोध्या नै हो। त्रेतायुगदेखि नै जनकपुरधाम र अयोध्याबीच बेटीरोटीको सम्बन्ध स्थापित भएको हो। अयोध्यामा गत जनवरीमा भगवान रामको प्राणप्रतिष्ठा भएदेखि जनकपुरधाममा धार्मिक पर्यटकहरुको संख्यामा उल्लेख्य वृद्धि भएको छ। भगवान रामको दर्शन गर्नेले माता जानकीको दर्शन नगरुञ्जेल दर्शन पूर्ण हुँदैन। सीता बिना राम अधुरो हो। अयोध्या जानेले जनकपुरधाम आउनै पर्छ। दुई देशबीचको सम्बन्धलाई पनि यसले सुदृढ बनाइरहेको छ। नेपाल र भारत दुवै देशबीच पर्यटन प्रवर्द्धनको अनेक अभियानहरु चलिरहेका छन्। त्यस्तो अवस्थामा भारतीय राजनीतिको शक्तिशाली उत्तर प्रदेशकी गभर्नर पटेलको जनकपुरधाम भ्रमणले पर्यटन प्रवर्द्धनमा ठूलो योगदान पुग्ने निश्चित थियो। भारतको गुजरात राज्यको मुख्यमन्त्री, केन्द्रीय सरकारमा शिक्षा मन्त्री, मध्यप्रदेश र छत्तिसगढ राज्यको राज्यपाल रहिसकेकी पटेलको भ्रमण उपयुक्त समयमा हुन लागेको थियो। उनको भ्रमणले जनकपुरधाम फेरि एकपटक भारत लगायतका हिन्दूहरु माझ प्रचारित हुने थियो। पछिल्लो पाँच वर्षमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले जनकपुरधाममा माता जानकीको दर्शन पूजा गरेका हुन्। त्यसपछिको भारतबाट राज्यपाल पटेलको भ्रमण हुन लागेको थियो। भ्रमणको सबै तयारी पूरा भइसकेको थियो। भारतीय राजदूतावास काठमाण्डु र महावाणिज्य दूतावास वीरगञ्जका अधिकारीहरु तीन दिनदेखि जनकपुरधाममा भ्रमणको कार्यक्रम बनाउन सक्रिय थिए। प्रदेश सरकार र स्थानीय प्रशासनले भ्रमणलाई फलदायी बनाउन लागिपरेका थिए। उनको भ्रमणले जनकपुरधामको गंगासागर, धनुषसागर, धनुषाधाम, मणिमण्डप लगायतको विकासमा समेत भारतले सहयोग गर्ने सम्भावना थियो। भारतको महत्वपूर्ण धार्मिक योजना रामायण सर्किटमा जनकपुरधाम समावेश रहेको छ। रामायणमा वर्णन गरिए अनुसार भगवान सीतारामको चरण परेका पावन स्थलहरुलाई रामायण सर्किटमा समावेश गरिएको छ। त्यस स्थानहरुलाई पर्यटकीय केन्द्र बनाउन भारत सरकारले विकास गरिरहेको छ। राज्यपाल पटेलको भ्रमणले जनकपुरधामको विकासलाई अनेक किसिमले मद्दत मिल्ने थियो। राज्यपालको भ्रमण रद्द भएपछि जनकपुरधामको विकास र प्रचारको राम्रो अवसर गुमेको छ। उनको भ्रमण गराउने प्रयास मधेश प्रदेश सरकारले गर्नुपर्छ। भारतीय विशिष्ट व्यक्तित्वहरुको भ्रमणले यस भेगको व्यापक प्रचार प्रसार हुने भएकाले पर्यटकहरुको आगमनमा समेत वृद्धि हुने भएकाले राज्य सरकारबाट पहल हुनुपर्छ।

# रवि लामिछानेलाई युवापिँढीले एउटा होनहार नेता मानेका थिए तर.......



डा. रामसागर पंडित

रवि लामिछाने को बारेमा केही चर्चा गर्नुभन्दा पहिले बहुदलीय प्रजातन्त्र पुर्नाहाली देखि आजसम्मको चर्चा परिचर्चालाई समेटेर यो लेख तयार गरिएको छ। २०४६/०४७ सालको जनआन्दोलन सफल भएपछि २०४७ बैशाख ६ गते राजा बाट कृष्णप्रसाद भट्टराई प्रधानमन्त्रीमा नियुक्त भएका थिए। यस आन्दोलनमा मुख्य भूमिका खेल्ने पार्टीहरूमा नेपाली कांग्रेस र बाममोर्चा थिए। यसको साथै मानव अधिकारबादिहरू पनि सक्रिय भूमिका खोजेका थिए। जनआन्दोलन २०४६ ले पञ्चायती व्यवस्थाको अन्त्य गरेपछि वि.सं. २०४८ मा पहिलो संसदीय निर्वाचनमा निर्वचित सांसदहरूका संरका २०५ थिए, त्यसमध्ये नेपाली कांग्रेस. ११३ सीटमा जित हासिल गरेका थिए। यस निर्वाचनमा पाएको बहुमतबाट पार्टीका नेता गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा मन्त्रिपरिषद गठन भएको थियो। जनताले ५ वर्षका लागि नेपाली कांग्रेसको बहुमत दिएका थिए तर लगभग साढे तीन वर्ष चलाएर गिरिजा प्रसाद कोइराला सरकारलाई विघटन गरेर मध्यबधि निर्वाचनमा देशलाई लग्नुभयो। त्यसमा जनताको मूल्यांकन ठिक थियो। प्रजातन्त्रको पुनर्स्थापनामा नेपाली कांग्रस मुख्य भुमिका खेलेको हुनाले सबैभन्दा बढी पदमा जिताइ पाँच वर्ष सम्मका लागि नेपाल सरकारको नेतृत्व गर्न पठाएका थिए तर बीचैमा सरकारको नेतृत्व छाडेर आफ्नो असफलता देखाएका थिए। मध्यबधि निर्वाचन २०५१ मा सबभन्दा बढी प्रतिनिधिसभा सदस्य संख्या जितेर संसदमा एमाले पार्टि १ न. त बन्यो तर बहुमत आएन। सबभन्दा बढी सिट जितेका कारणले एमालेलाई सरकार बनाऊ २०५१ मंसिर १४ गते राजाबाट एमालेका नेता मनमोहन अधिकारीलाई प्रधानमन्त्री बनाइए। बहाँलाई पनि ९ महिना मा नै प्रधानमन्त्रीको पदबाट अपदस्त गरी शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन भएको थियो। २०५१ को मध्या बधि निर्वा चन देखि २०५६ को आम निर्वाचन सम्म जम्मा पालोपाली गरी ६ वटा प्रधानमन्त्री फेरिया त्यसमा जनआन्दोलन विपक्षका चरम दक्षिणपन्थी पार्टी राप्रपाका नेताहरूलाई समेत प्रधानमन्त्री बनाइएका थिए। जसमा लोकेन्द्र बहादुर चन्द र सुर्य बहादुर थापा थिए। कांग्रेस र एमालेका घटियासोचले आन्दोलनमासँगै काम गरेका कांग्रस र एमाले मिलेर सरकार चलाएको भए पनि हुन्थ्यो तर दुरगामी सोचको अमावले यिनीहरू यति घटिया हरकत समेत गर्नबाट पछि परेनन्।

यस्तै हरकत देखेर राजा ज्ञानेन्द्रले २०६१ साल फागुन ३ गते आफ्नै अध्यक्षतामा डा. तुलसी गिरी र कीर्तिनिधि दिष्ट लाई उपाध्यक्ष बनाइ शासन व्यवस्था को बागडेर आफ्नै हातमा लिइ सोझो सरकार चलाउन निर्देशन भयो। राजा १ वर्ष २ महिना १६ दिन देशको शासन आफै चलाएका थिए। राजाको विरूद्ध यी पार्टीहरू नेकपा (माओवादी क्रान्तिकारी) लाई साथ लिएर सडक आन्दोलनमा उत्रिए। मूल रूपमा ज्ञानेन्द्र माथिको जनताको विश्वास खसिसकेको थियो। राजा बाध्य भएर पुनः यी आन्दोलनकारीको हातमा शासान व्यवस्था फिर्ता गर्नुपरेको थियो।

पार्टीहरूको के सोच बन्यो भने राजाबाट कति पटक धोखा खाई रहने ? त्यसैले राजालाई फालेर एकै चोटी गणतन्त्रनै ल्याउने गरी आन्दोलनलाई बढाउँदै गए। अन्तमा नेपाली सेना विधिबत राजाका सेना भएपनि जनताको लहर देखेर उनीहरू समेत राजालाई साथ दिएनन्। अतृमा राजा शासन छोड्न बाध्य भएका थिए। वि.सं. २०६३/०६३ को परिवर्तन पछि मुजुम्‍ सविधान सभा निर्वाचन तिर लागौ। गणतान्त्रिक नेपालको पहिलो सविधान सभा निर्वाचन २०६४ मा सम्पन्न भएको थियो। सविधान सभाबाट निर्वाचित संसदहरू तोकिए अवधिमा भित्र संविधान बनाउन सकेनन्। अन्नतः सर्बोच्च अदालतका प्रधानन्यायाधिश खिलराज रेगनीको अध्यक्षतामा मन्त्रिपरिषद् गठन भएको थियो। उहाँले २०७० मा दोस्रो सविधान सभा सफलतापूर्वक सम्पन्न गरेका थिए। त्यसबाट चुनिएका सविधान सभा सदस्यहरू मध्ये २०७०/१०/०८ मा सुशील कोइरालालाई प्रधानमन्त्री बनाएका थिए। यहाँ कै पालामा २०६२ सालमा नेपालका गणतान्त्रिक संविधान राष्ट्रपति द्धारा प्रमाणित भयो। अब जनता ले नयाँ संविधान पाए। संविधानः गणतान्त्रिक नेपालको पहिलो प्रधानमन्त्री केपी शर्मा ओली भएका थिए तर तीन साल मै पूर्ण बहुमतको सरकालाई अपदात्त गरी निर्वाचनको घोषण समेत गरी सकेका थिए। यो मुद्दा सर्बोच्चमा गयो। सर्बोच्च बाट अबैध कायम गरी बहुमतको सरकार बनाउन आदेश भयो। सोही अनुसार शेरबहादुर देउवा प्रधानमन्त्री भए। दोस्रो आम निर्वोचनमा कसैको पनि पूर्ण बहुमत भएन। मिलिजुलीको सरकार बनाउने बाहेक अर्को विकल्प देखिएन। दुई चोटी पुष्पकमल दाहाल र तेस्रो पटक केपी शर्मा ओली प्रधानमन्त्री भएका छन्। बहुदल पुनर्स्थापन काजदेडि नै देशको मलाइलाई तिलाञ्जली दिएर पार्टी र व्यक्तिको स्वार्थसिवाय अरू केही गरिएन्। यी नेताहरूबाट जनता निरास हुँदै आए।

यसैको परिणाम स्वरूप जनता नयाँ पार्टीहरूका खोजमा आफ्ना ध्यान बढाउँदै गए। दोस्रो आम निर्वाचनबाट जन्मिएको केही युवा नेतृत्वका पार्टीहरू यसैको परिणाम हुन्। नयाँ पार्टीहरू मुलतः जन्मिएका पार्टीहरूमा राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी रहेका छन्। यी तीनै पार्टी मध्ये जसपाका सभापति रवि लामिछाने बढी चर्चामा आएका छन्। वहाँ जस्तो योग्य एउटा गतिलो पत्रकार प्रखर बक्ता सही विशलेषक, लिएर, विदेशको अनुभव जस्ता गुण भएका व्यक्तित्व नेपालको लागि अति आवश्यक महसुस गरी जनताले पहिलो चोटी २१ जना सांसद सहित विजय गराएर संसदमा पठाएका थिए तर वहाँमा नकारात्मक पक्ष पनि त्यसै रहेछ भने कुरा जनता विस्तारै जानु थाले। सत्य जहिले पनि सत्य हुन्छ। एउटा झुठोलाई जति झुठ बोलेर पनि सत्य बनाउन सकिदैन।

सबैभन्दा दुैध नागरिकता सम्बन्धीकुरामा पस्नु भयो। यत्रो देश विदेश भ्रमण गरेका मानिसलाई दुैध नागरिकता बारेका कुराहरू पक्कै पनि जानकारीमा थियो होला तर जानी जानी त्यसलाई राखेर प्रयोग गर्दैं गरेका कुराहरू बाहिर आउन थाले र यो मुद्दा लास्टमा कानुनी निकायमा गएर फुक्यो। त्यसमा पनि शुरूमा आफ्ना गल्ति मान्न तयार हुनुभएन। लास्टमा जे भयो जनता सामने प्रष्ट भैसकेको कुरा हो।



रवि लामिछानेको हाइट पनि यस्ता काण्डको साथ साथै बढ्दै गएको देखिन्छ। दोस्रो मुद्दा सहकारी अपचलनको कुरो आयो। वहाँको प्रमार्ण हरपष्ट भएपनि त्यसलाई पावरको भरमा दबाउन खोजेका थिए जो पत्रपत्रिका तथा विद्युतीय मेडिया मार्फत जगजाहेर नै भइसकेको छ। पद पाउनलाई नेकपा (माओवादी) र नेकपा (एमाले) उहाँलाई चोक्याउन तलवा देखि टाउको सम्म को जोड लगाउन थाले माओवादीले कांग्रस संगको सरकारी भागवण्डा टुटेपछि पुनः नेकपा (एमाले) र रास्वपा संग मिलेर सरकार बनाए देखि नै कांग्रेसले संसदमा जोडदार आवाज उठाउन थाले। अन्ततः संसदबाट उच्च स्तरीय संसदीय छानबीन विशेष समिति बनाइयो। एमाले सांसद सुर्य थापाको नेतृत्वमा गठित संसदीय विशेष समितिले सहकारीको बचत अपचलनमा मुख्य अपचलन कर्ताको रूपमा किरात गरेका भए पनि लामिछानेले मन्न आफैँ भन्दै हिड्नु भयो कि विशेष छानबीन समितिबाट म आज किलन चीट पाइसके। एकछिनको लागि कतिलाई लाग्या होला कि वास्तवमा किलन चीट दिएनै हो कि ? विशेष समितिका अध्यक्ष पटक पटक प्रष्ट पारिसकेका छन कि वहाँमाथि कारवाही नहुने कुरै छैन। वहाँ मिशनसाथ दोस्रो काम मै सक्नु भएकोले त्यसलाई जनताका बीचमा भूरेका लागि होइन।


अब वहाँ बारे नै अलिकति पछि पर्रन चाहन्छु। एमाले र माओवादी पार्टीको संयुक्त सरकार बन्दा वहाँ उपप्रधान मन्त्री का साथै गृहमंत्री हुनुभयो। उहाँ गृहमंत्रीमा पद बहाज भए देखि नै सबै पुराना पार्टी नेता तथा नेतृहरूले गरेका कुकूत्यलाई ओपेन गर्नलाई आएको छु। सबैलाई डराएर आफ्नो सहकारी अपचलनलाई ढाभ्छोप गर्न मात्र यस्ता कुराहरू पछि प्रष्ट हुँदै गए। त्यतिमात्र कहाँ हो र! आफ्नो सरकारी पदको दुरूपयोग गर्न समेत विर्तनु भएन। सरकारी वमीतन को कार्यालय, पुलिस प्रशासन सबैबाट आफ्नो नाम हटाउने प्रयासमा लागेका थिए। तर केही ठाउँमा उहाँको आदेशलाई पालन भए पनि उदाएको सुर्यलाई कति बेरसम्म छोप्न सकिन्छ भने ज्ञान उहाँमा पक्कै थियो होला तर प्रयोग सफल हुन सकेन।

त्यतिमात्र कहाँ हो र! वहाँ अर्को तिर मेडियालाई कारबाहीको घेरामा ल्याउन मेडिया कर्मीहरूलाई धाकधम्कीको साथै पक्राउ गर्न पनि चुक्नु भएन। नेपाल लगायत विश्वका धेरै देशबाट वहाँको यस्ता क्रियाकलाप उदाँग हुँदै गए। भूठो कुरालाई ढाकछोप गर्दा बिस्तारै भूठो तल पर्दे जान्छु र सत्य उपर चढ्दै जान्छ। त्यही कुरा रवि लामिछानेको केशमा देखियो।

हाल वहाँका साथी छवि पक्राउ परेका छन्। जीबी विदेश नकोरा छन्। रवि पार्टी कार्यकर्तालाई आफ्नो निर्दोशिताको प्रमाण पत्र बाडेर सम्झाउँदै हुनुहुन्छ कि म निर्दोश हुँ मलाई राजनीति प्रतिशोधको कारणले ठगी मुद्दामा फसाऊ लागेका छन् , त्यसर्थ तपाईहरू चौबिसै घण्टा गोलबन्द भएर बस्नु पत्यो। वहाँ जे गरे पनि यसबाट एउटै उपाय देखिन्छ कि कानुनी रूपमा सहयोग गरी न्यायाजयबाट क्लिन चीट नपाउँदा सम्म वहाँ माथी चोटिला प्रहार हँदै रहन्छ र मातलाई कसैले पनि सम्न सक्दैन।

सहकारी प्रकरण यत्रो भयाबह प्रकरण भैसकेको छ कि त्यसमा यहाँका सरकारहरू पनि कम दोषी छैनन्। शुरूमा गरेको भए शायद यस्तो भयाबह अवस्था आउने नै थिएन। अदिले ४० सहकारीमा बचतकर्ताको सबा ७१ अर्ब अपचलन भएको देखिन्छ। छबि पक्राएपछि उसले पनि रवि सहकारी अपचलनमा छन् भने प्रमाणित गरेका छन् जनताले विश्वास गरेका पार्टी निकट भविस्द मै देशको नेतृत्वरर्ता पार्टी बनने नै हो भने विश्वास गरेका थिए तर अहिले राप्रपा आफ्ना इमान्दारितामा यहाँ भन्दा बढी अगाडि देखिन्छ। राप्रपाले सहकारी बचत अपचलनमा सांसद बस्नेत माथि समेत स्वतन्त्र थियो छानबिन गर्न सरकारसम्म मांग गरेको भने रास्वपाले लामिछानेलाई पक्राउ गरे प्रतिबाद गर्ने चेताबनी दिएको छ। यस्तो हर्कतले यस्को भविष्य कता जाने हो यकिन गर्ने गाहै देखिन्छ। इति श्री।

# देउवा-शेखर गठजोडले झस्किएको इतरसमूह



शिव लम्साल

कांग्रेस सभापति शेरबहादुर देउवाले १५औँ महाधिवेशन एक वर्ष पर सार्लान् कि समयमै सम्पन्न गर्लान् ? यो चासोको विषय बनेको छ।

के उनी विधान संशोधन गरेर फेरि सभापति बन्लान् ? या, इमानदारीपूर्वक निर्धारित समयभित्र महाधिवेशन सम्पन्न गराएर अर्को पुस्तालाई नेतृत्व हस्तान्तरण गर्लान् ? नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताबिच यस्ता प्रश्न उठिरहेका रहेका छन्।

अर्को कुरा, आउँदो महाधिवेशनमा सभापति देउवाले कसलाई साथ लिएर हिँड्दै छन् भन्ने कुराले महत्त्व राख्नेछ। उनी आफू इच्छुक नभए पनि पत्नी आरजु राणालाई पार्टीभित्रको व्यवस्थापनलाई मध्यनजर गरेर अर्को पक्षसँग सहकार्य गर्नेछन्। अहिले उनको कसैप्रति स्पष्ट समर्थन नदेखिए पनि वरिष्ठ नेता डा. शेखर कोइराला वा पार्टी महामन्त्री गगन थापामध्ये एक जनालाई साथमा लिएर जाने देखिन्छ।

अझ स्पष्ट भाषामा भन्नुपर्दा १४औँ महाधिवेशनका आफ्ना प्रतिस्प्रर्धी डा. शेखर कोइरालालाई साथमा लिएर जानेमा उनी विश्वस्त देखिन्छन्। किनभने, शेखर कोइरालाको नेतृत्वमा उनलाई पत्नी आरजु राणा लगायत आफ्ना टिमका सिनियर नेता अटाउन सजिलो हुनेछ। देउवाले गगन थापालाई साथमा लिएर गए भने पत्नी आरजु राणाको त व्यवस्थापन होला, तर उनीसँग रहेका सिनियर नेताहरूको व्यवस्थापन भने निकै कठिन हुनेछ। देउवा टिमका सिनियर नेताहरू शेखर समूहमा आउने र देउवा एक्लिने सम्भावना उत्तिकै छ।

देउवालाई जान्ने-बुझ्नेहरू भन्छन्, सभापतिका लागि पार्टीमा जति धेरै दाबेदार भए, देउवालाई उति फाइदा हुन्छ। किनकि ती हरेक दाबेदारलाई खेलाइखेलाई उनले राजनीतिमा आफ्नो आगामी स्वार्थ स्थापित गर्न सक्नेछन्।

नेपाली कांग्रेसको १५औँ महाधिवेशनमा देउवा पुनः पार्टी सभापतिका लागि उम्मेदवार बन्न नपाउने विधानमा व्यवस्था छ। विधान अनुसार लगातार दुई कार्यकालभन्दा बढी सभापति बन्न पाइँदैन। ७८ वर्षीया देउवाको कार्यकाल २०८२ मंसिरसम्म मात्र हो। देउवालाई जान्ने-बुझ्नेहरू भन्छन्, सभापतिका लागि पार्टीमा जति धेरै दाबेदार भए, देउवालाई उति फाइदा हुन्छ। किनकि ती हरेक दाबेदारलाई खेलाइखेलाई उनले राजनीतिमा आफ्नो आगामी स्वार्थ स्थापित गर्न सक्नेछन्।

ओलीले धोकाधडी गरेनन् भने सर्तबमोजिम चुनाव गराउने सरकारमा देउवा प्रधानमन्त्री भइहाल्नेछन्। पार्टीभित्र पनि अब यो मामिलामा कुनै विवाद देखिँदैन। सभापति नहुने भएपछि राजनीतिमा अब देउवाको चाहना या स्वार्थ के होला त ? यसको एउटै जवाफ हुन्छ– पार्टी र सत्ता राजनीतिमा पत्नी आरजु राणाको उचित व्यवस्थापन।

### सत्ताका चतुर खेलाडी देउवा

सभापति देउवा झट्ट हेर्दा चतुर राजनीतिज्ञजस्ता देखिँदैनन्। उनी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल या एमाले अध्यक्ष केपी ओलीजस्ता भाषणबाज पनि होइनन्। हरेक दिनजसो टेलिभिजन या युट्युब च्यानलमा अन्तर्वार्ता दिँदै हिँड्ने र विरोधीमाथि आरोप वा प्रत्यारोप गर्ने खालका 'मुखाले' नेता पनि होइनन्।

सामान्य, सोझा र सरलजस्ता देखिने देउवा राजनीतिक चातुर्य र कूटनीतिमा भने माहिर छन्। प्रतिकूल परिस्थितिलाई पनि आफ्नो अनकूल बनाउन सक्ने अद्भुत कला उनीमा देखिन्छ र त उनी बारम्बार सत्ता राजनीतिमा हाबी हुँदै आएका छन्। १४औँ महाधिवेशनमा कृष्ण सिटौलालाई आफ्नो पक्षमा ल्याए। आफ्नैविरुद्ध खडा भएका रामचन्द्र पौडेल र डा. शशांक कोइरालाको समेत समर्थ हासिल गरे। आफूलाई चुनौती दिने इतरसमूह का प्रकाशमान सिंहदेखि विमलेन्द्र निधिसम्मलाई उनले आफ्नै पक्षमा ल्याए।

पार्टी सभापति भएपछि देउवाले इतरपक्षलाई या सन्तुलनमा ल्याउने या यसका नेतालाई 'मिल्न नदिने' चातुर्य देखाउँदै आएका छन्। देउवाले आगामी महाधिवेशनमा सभापतिको उम्मेदवार नबन्ने सार्वजनिक रूपमा घोषणा गरेयता देउवा र डा. शेखर कोइरालाको दूरी घटेको छ। सभापतिका प्रबल दाबेदार शेखर पनि देउवाको साथ र समर्थनको अपेक्षा गरिरहेका छन्।

सभापति देउवाले पनि शेखरप्रति उदार भाव दशाईरहेका छन् भन्ने उदाहरण हो, कोइराला समूहबाट धनराज गुरुङलाई कानुनमन्त्री र डिकबहादुर लिम्बुलाई खेलकुदमन्त्री बनाइनु। यही निकटताका कारण देउवा र र शेखर सार्वजनिक समारोहमा



एक साथ सहभागी हुन थालेका छन्, जुन केही समय अघिसम्म असम्भव मानिन्थ्यो। पार्टी केन्द्रीय कार्यालयमा शेखरको बेग्लै कार्यकक्षको व्यवस्था मिलाइएको छ। देउवा र शेखरबिच केही समययता खासै तिक्तता देखिँदैन।

सभापति नहुने भएपछि राजनीतिमा अब देउवाको चाहना या स्वार्थ के होला त ? यसको एउटै जवाफ हुन्छ– पार्टी र सत्ता राजनीतिमा पत्नी आरजु राणाको उचित व्यवस्थापन।

शेखरसँग देउवाको यस्तो निकटताको सोझो असर महामन्त्री गगन थापालाई पर्ने नै भयो। शेखरको सहयोगमा आफू सभापति बन्ने ताकमा रहेका महामन्त्री थापाले देउवा-शेखर निकटतापछि नै आक्रोशका स्वर उराल्न थालेको देखिन्छ। संसददेखि सार्वजनिक समारोहमा महामन्त्री थापाले कांग्रेस-एमाले गठबन्धनको सरकार र आफ्नै नेतृत्वविरुद्ध कटाक्ष गर्न थाले। उनी आक्रामक देखिए।

आफूविरुद्ध आक्रामक भएका महामन्त्री थापालाई थुमथुम्याउन अचेल सभापति देउवाको निकै जोडबल देखिन्छ। राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने संलग्न भएको सहकारी ठगी प्रकरणबारे सार्वजनिक रूपमा बोल्दै देउवाले 'हाम्रा महामन्त्रीले भनेको ठिकै रहेछ, रवि त चलाख रहेछ'सम्म भने। यसैगरी महामन्त्री थापाले भने अनुसार नै पार्टीले धेरै महत्त्वपूर्ण निर्णय गरेको छ। महामन्त्री थापालाई फकाउने, आक्रामक बन्न नदिने देउवाको दाउ हो।

सभापतिका अर्को दाबेदार डा. शशांक कोइरालालाई पनि सभापति देउवाले उपेक्षा गर्ने कुरै आएन। १४औँ महाधिवेशनमा आफूलाई साथ दिएका शशांकलाई पनि देउवाले आफू निकट नै राखेका छन्। गएको महाधिवेशनताका देउवाले 'यो पार्टी बीपीले बनाएको हो, मैले छाड्नुपर्दा बीपीकै छोरालाई छाड्ने हो' भनेका थिए। यही वाक्यको हवाला दिँदै हाले एक दैनिक पत्रिकाको अन्तर्वार्तामा शशांक स्वयंले देउवाको उत्तराधिकारी आफू नै भएको दाबी गरेका छन्।

शेखरदेखि गगन हुँदै शशांकसम्मलाई फकाउँदै र उनीहरूबिचको स्वार्थमा खेल्दै सभापति देउवाले पार्टी र सत्ता राजनीतिमा आफ्नो वर्चस्वलाई निरन्रता दिने चातुर्य देखाएकै हुन्। देउवाले यस्तो चातुर्य देखाइरहेकै बेला नेपाली कांग्रेसका नेतात्रय प्रकाशमान सिंह, शशांक कोइराला र विमलेन्द्र निधिले हालै भेटवार्ता गरेर कांग्रेसमा नयाँ तरंग ल्याएका छन्। शशांकले आयोजना गरेको सो भेटवार्ता १५औँ महाधिवेशनमै केन्द्रित थियो।

आगामी महाधिवेशनमा सभापतिका प्रबल दाबेदार एवं कांग्रेसका महान् दिवंगत तीन नेता बीपी कोइराला, गणेशमान सिंह र महेन्द्रनारायण निधिका पुत्रहरूबिचको यो भेटवार्तालाई अर्थपूर्ण मानिएको छ। १४औँ महाधिवेशनमा प्रकाशमान र विमलेन्द्र पहिलो चरणमा सभापतिमा खडा भएका थिए, तर कसैले ५० प्रतिशत मत नल्याएपछि दोस्रो चरणमा यी दुवै नेताले शेरबहादुर देउवालाई समर्थन गरेका थिए। शशांकले पनि उतिबेला देउवालाई नै समर्थन गरेका थिए।

अब देउवा सभापतिमा खडा नहुने भएकाले सभापतिका आकांक्षी यी तीन नेताले के गर्लान् भन्ने कुतूहलता छ। सभापति देउवाले 'बिपीका छोरालाई छाड्छु' भनेको सन्दर्भमा बीपीका छोरा शशांकले आफ्ना प्रतिस्पर्धी नेतालाई घरमै डाकेर वार्ता गरेपछि कतै देउवाले शशांकलाई नै सभापति बनाउने त हैनन् ? भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ।

अर्कोतिर कोइराला परिवारभित्र पनि यसपालि कोइराला परिवारबाटै सभापति बनाउने लबिङ प्रारम्भ भएको छ। देउवा अघिका सभापति सुशील कोइरालापछि कांग्रेस नेतृत्वबाट कोइराला परिवार च्युत भएकाले त्यसको पुनर्स्थापनाको पहल पनि गिरिजाप्रसाद कोइरालाकी पुत्री एवं नेतृ सुजाता कोइरालाबाट भएको छ। कोइराला परिवारका शेखर, शशांक र सुजाताबिच यसबारे समझदारी भएको एकथरीको दाबी छ।

कोइराला परिवार वृत्तका केही नेताले बताए अनुसार सभापति देउवा प्रधानमन्त्री भएपछि सुजातालाई सरकारमा प्रतिनिधित्व गराउने, १५औँ महाधिवेशनमा शशांकलाई सभापति बनाउने र २०८४ को चुनावपछि शेखर कोइरालालाई प्रधानमन्त्री बनाउने सहमति कोइराला कोटरीमा भएको चर्चा छ।

### देउवापछि आरजु शक्तिशाली

१४औँ महाधिवेशनपछि बनेको देउवा टिम १५औँ मा आएर विघटन हुनेछ। टिमभित्र देउवाको उत्तराधिकारी को भन्नेमा ठुलो विवाद चलिरहेको छ। पार्टी उपसभापति पूर्णबहादुर खड्काले आफूलाई टिमको नेता दाबी गरे पनि सभापति देउवाले उनलाई विश्वास गर्न छाडेपछि उनी उक्लिएका छन्। देउवा टिममा बलियो नेताका रूपमा रहेका बालकृष्ण खाँण भुटानी शरणार्थी प्रकरणपछि अर्को बलियो पात्रको खोजी भइरहेको थियो, तर देउवा पत्नी आरजु राणालाई सरकारमा परराष्ट्रमन्त्री बनाउनु, खाँण मूलराजनीतिबाट बाहिरिनु, खड्का टिममा एक्लिनुजस्ता पछिल्ला घटना क्रमले देउवा टिममा आरजुको उदय भएको मान्न सकिन्छ।

अहिले आएर नेपाली कांग्रेसमा कसैले चाहेर या नचाहेर डा. आरजु राणाको सशक्त हस्तक्षेप भइसकेको छ। पार्टीमा मात्र होइन, राष्ट्रिय राजनीतिमा पनि उनको 'ड्यासिङ पर्सनालिटी' बनेको छ। अहिलेको सत्ता गठबन्धन निर्माणमा परोक्ष वा अपरोक्ष रूपमा राणाको भूमिका महत्त्वपूर्ण रहेको तथ्य स्पष्टै छ।

परराष्ट्रमन्त्रीका रूपमा राणाको भूमिका हालसम्म सफल नै देखिन्छ। खोट लगाउनुपर्ने कुनै ठाउँ देखिँदैन। संयुक्त राष्ट्रसंघको महासभामा नेपाली प्रतिनिधिमण्डलको सहभागिता, नेपालका प्रधानमन्त्रीसँग अमेरिकी राष्ट्रपति जो बाइडेन र भारतका प्रधानमन्त्री नरेन्द्र मोदी लगायत विभिन्न देशका प्रतिनिधिसँग भेटघाट र यसमा परराष्ट्रमन्त्री राणाको 'फर्ममेन्स'लाई सकारात्मक रूपमै लिनुपर्छ।

# राज्य व्यवस्था समितिमा सांसदको प्रश्न : विपद् प्रतिकार्यमा किन कमजोरी भयो ?

काठमाण्डु । सांसदहरूले विपद् प्रतिकार्यमा किन कमजोरी भयो भनी सरकारसँग प्रश्न गर्नुभएको छ। राज्यव्यवस्था समितिको मंगलबारको बैठकमा उहाँहरूले विपद्पछिको खोज, उद्धार र राहत वितरणको काम प्रभावकारी हुन नसकेको उल्लेख गर्नुभयो ।

बाढीपहिराका कारण अवरुद्ध राजमार्ग तत्काल सञ्चालन गर्न नसक्दा अझै पनि नागरिकहरू सडकमा अलपत्र परेका जनाउँदै उहाँहरूले अलपत्र नागरिकलाई यथाशीघ्र उद्धार गरी गन्तव्यमा पुऱ्याउन सरकारले ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद रवि लामिछानेले विपद्का समयमा अनवरत खट्नुपर्ने जिम्मेवार पदाधिकारी नै मुलुक बाहिर हुँदा प्रतिकार्यमा कमजोरी भएको सरकारले स्वीकार्नुपर्ने बताउनुभयो । "राष्ट्रिय आपत्कालका बेला जिम्मेवार पदाधिकारी नै गैरजिम्मेवार बने, जुन ढङ्गको तयारी हुनुपर्नेथ्यो, त्यसखालको तदारुकता देखिएन, झारा टार्ने काम भयो", उहाँले भन्नुभयो, "स्रोत साधन र क्षमता सीमित छ, तर असिमित इच्छाशक्ति भएको भए धेरै क्षति न्यूनीकरण गर्न सकिन्थ्यो ।"

सांसद गगनकुमार थापाले राष्ट्रिय विपत्तिका बेला सबै सरकार, राजनीतिक दल र नागरिक एकताबद्ध हुनुपर्ने र जिम्मेवारी तहमा बसेका पदाधिकारीले आआफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेमा जोड दिनुभयो। "बैठक धेरै भए, कतिपय निर्णय 'डुब्लिकेसन' भएका छन्, अब धेरै बैठक बस्नु पर्दैन, भएका निर्णय कार्यान्वयन गर्ने हो", उहाँले भन्नुभयो ।



सांसद चित्रबहादुर केसीले विपद्का समयमा वादविवाद नगरी राष्ट्र र जनताको पीडामा सिङ्गो मुलुक एकजुट हुनुपर्ने बताउनुभयो। "सडकमार्ग अवरुद्ध छ, त्यही मौकामा प्लेनका व्यापारीले अस्वभाविक भाडा बढाएका छन्, सरकार भएको ठाउँमा यस्तो हुन्छ ?", उहाँले प्रश्न गर्नुभयो, "व्यापारीको तजबिजीमा मात्रै मुलुक चल्ने हो र ?"

सांसद रघुजी पन्तले विपद् प्रतिकार्यलाई चुस्त बनाउन सरकारले आफ्नो क्षमता बढाउनुपर्ने धारणा राख्दै बाढीपहिरोले भत्काएका संरचना निर्माण गर्न अन्तर्राष्ट्रिय सहायता लिन ढिलाई गर्न हुने बताउनुभयो । "सडक बन्द भएको अवस्था छ, यही बेला हवाई भाडा वृद्धि भएको छ, आधार भूत संरचना ध्वस्त हुँदा त्यसको मर्मत गर्न अन्तर्राष्ट्रिय सहायता लिनु उचित हुन्छ", उहाँले भन्नुभयो ।सांसद राजेन्द्र पाण्डेले सम्भावित जोखिमलाई मध्यजनर गर्दै सरकारले 'ट्राभल एडभइजारी' जारी गरेको भए पनि राजमार्गमा किन निर्वाध यातायातका साधन चल्न दिएको भनी प्रश्न गर्नुभयो । उहाँले राष्ट्रिय विपद्का बेला राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण निकम्मा बनेको आरोप लगाउनुभयो ।

सांसद प्रकाश अधिकारीले एक साता अघिदेखि नै ठूलो पानी पर्ने पूर्वानुमान गरिए पनि नदी किनारामा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न किन ढिलाई गरेको भन्दै प्रश्न गर्नुभयो। "राजमार्गमा किन निर्वाध रात्रि बस चलाउन दिएको", उहाँले प्रश्न गर्नुभयो, "विपद्पछि आउनसक्ने जनस्वास्थ्य चुनौती सामना गर्न सरकारको के तयारी छ ?"

सांसद दीलेन्द्रप्रसाद बडुले ठूलो मनसुनी वर्षा हुने पूर्वानुमान र पूर्वचेतावनीकाबीच राजमार्गमा यातायात चल्न दिनु कमजोरी भएको बताउनुभयो। "फेरि पानी पर्ने पूर्वानुमान गरिएको छ, अब नागरिकको सुरक्षाका लागि भए पनि राजमार्गमा यातायात बन्द गर्नुपर्छ", उहाँले भन्नुभयो, "पूर्वतयारी र प्रतिकार्यका लागि स्थानीय तहलाई साधनस्रोत सम्पन्न बनाइनुपर्छ ।"

सांसद सरिता प्रसाईंले पछिल्लो विपद्को सन्दर्भमा पूर्वानुमानका बारेमा पर्याप्त सूचना प्रवाह भए पनि पूर्वचेतावनी कार्यान्वयनमा सरकार चुकेको बताउनुभयो । "पुनः बद्ली हुने पूर्वानुमान छ, अझै पनि राजमार्गमा सयौँ नागरिक अलपत्र छन्, अलपत्र यात्रीलाई तत्काल उद्धार गरेर गन्तव्यमा पुऱ्याऔँ", उहाँले भन्नुभयो ।

सांसद बुद्धिमान तामाङले बुधबारदेखि पुनः मौसम बद्ली हुने पूर्वानुमानले नागरिकलाई झन् त्रसित बनाएको जनाउँदै पूर्वतयारीमा कुनै कमजोरी नगर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद सर्वेन्द्रनाथ शुक्लाले विषमी मौसमी अवस्था आउँछ भनेर पूर्वानुमान गरिएको, सावधानीका लागि पूर्वाचेतावनी पनि जारी गरिएको अवस्थामा सरकारले पूर्वतयारीमा ठूलो कमजोरी गरेको आरोप लगाउनुभयो।

बैठकमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद सिटौलाले बाढीपहिरोले सडक अवरुद्ध हुँदा सयौँ यातायात मजदूर राजमार्गमा अलपत्र परेको जनाउँदै उनीहरूलाई न्यूनतम आधारभूत सेवा दिनेतर्फ स्थानीय सरकारले प्रभावकारी काम गर्न नसकेको बताउनुभयो । "बिपी राजमार्गमा अझै पनि पाँच सय बस अलपत्र छन्, चित्लाङमा ५० वटा गाडी अड्किएका छन्", उहाँले भन्नुभयो "यात्रीको उद्धार भयो तर यातायात मजदुर अलपत्र छन् ।"रासस

## एमालेद्वारा दैवी प्रकोप उद्धार कोषमा रु ५० लाख प्रदान गर्ने निर्णय



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को सचिवालय बैठकले रु ५० लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दाखिला गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को सोमबारको बैठकले प्रारम्भिक रुपमा रु एक अर्ब उक्त कोषमा दाखिला गर्ने निर्णय गरेको थियो । एमालेको सचिवालय बैठक लगत्तै अहिले सिंहदरबारमा एमाले संसदीय दलको बैठक सुरु भएको छ । बैठकमा प्रधानमन्त्री एवं पार्टीका अध्यक्ष केपी शर्मा ओलीले मुलुकमा गम्भीर प्राकृतिक विपत्तिको स्थितिमा सबैलाई उद्धार तथा राहतका काम जुट्न आह्वान गर्नुभएको छ ।

प्रधानमन्त्री ओलीले पार्टीका सांसदहरुलाई आधा १५ दिनका पारिश्रमिक राहत कोषमा योगदानका लागि गर्नुभएको प्रस्ताव संसदीय दलबाट पारित भएको छ । प्रधानमन्त्री ओलीले बाढी, पहिरो, क्षति र उद्धारका सम्बन्धमा हालसम्म भएका प्रगतिबारे आज दिउँसो हुने पत्रकार सम्मेलनमा जानकारी गराइने बताउनुभयो ।

उहाँले बाढीपहिरो र प्राकृतिक विपद्बाट मुलुक आक्रान्त भएकामा आफूहरु सबै दुःखित भएको बताउँदै विपत्तिमा परी ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो । सरकारले घाइतेहरुको यथोचित उपचार गर्ने जानकारी गराउनुभयो।

"सरकारका तर्फबाट उद्धार र राहतको कार्यका साथै अवरुद्ध भएका राजगमार्गमा अस्थायी रुपमा बाटो खोल्ने कार्य भएका छन् । सुरुमा उद्धार र राहतका काम पर्याप्त भएनन् भन्ने गुनासो आएका थिए । कुनै गुनासाप्रति हामी प्रतिवाद गर्दैनौँ । जनतालाई परेको दुःख हामीलाई परेको दुःख हो । हामी जनताका सेवक हौँ । सेवाभावका साथ लाग्न म सबैलाई आग्रह गर्दछु," प्रधानमन्त्री ओलीले भन्नुभयो । "राहत कोषमा सङ्कलन हुने रकमको सही सदुपयोग गरिनेछ ।"रासस

## यथाशीघ्र उद्धार कार्यसम्पन्न गर्न सरकारसँग कांग्रेसको माग

काठमाण्डु। नेपाली कांग्रेसले बाढीपहिरोका कारण बीच बाटोमा अलपत्र परेका यात्रुको यथाशीघ्र उद्धार गर्न आग्रह गरेको छ।



कांग्रेस संसदीय दलको मंगलबार बसेको बैठकले आफ्नो सम्पूर्ण संयन्त्र परिचालनगरी उद्धार कार्य यथाशीघ्र सम्पन्न गर्न सरकारसँग माग गरेको प्रमुख सचेतक श्यामकुमार घिमिरेले जानकारी दिनुभयो ।

उहाँले कैयौँ नागरिक अझै पनि देशका विभिन्न भागमा उद्धारको प्रतीक्षामा रहेका र गन्तव्यका लागि हिँडेका यात्रु बीच बाटोमा अलपत्र परेका समाचार आइरहेकाले उद्धार कार्य यथाशीघ्र सम्पन्न गर्न माग गरिएको बताउनुभयो । बैठकका निर्णयबारे प्रमुख सचेतक घिमिरेले भन्नुभयो, "प्राकृतिक प्रकोपले कैयौँ ठूलासाना सडक अवरुद्ध भएका छन्, कैयौँ पुल भत्किएका छन् । यसले आवागमनमा असर परेको छ । चाडपर्वमा घर जान चाहने नागरिकको चाप बढ्दै छ । त्यसैले अवरुद्ध सडकको मर्मतसम्भार कार्य तीव्र गतिमा अघि बढाउनुका साथै अस्थायी रूपमा वैकल्पिक मार्गको व्यवस्था गरेर भए पनि दसैँमा घर जानसक्ने अवस्था निर्माण गर्नका लागि बैठक सरकारसँग अनुरोध गर्दछ ।"

साथै बैठकले खानेपानी, स्वास्थ्य संस्था, विद्यालय एवं प्रहरी चौकीजस्ता क्षतिग्रस्त अत्यावश्यक संरचना तत्काल पुनःनिर्माणका लागि सरकारसँग आग्रह गर्ने निर्णय गरेको छ । कांग्रेसले सडकमार्ग खराब अवस्थामा रहेका कारण हवाईमार्गमा पर्न जाने चापलाई मध्यनजरगरी न्यूनतम हवाई भाडादर कायम राख्न र आवश्यक सहुलियत प्रदान गर्न सरकारसँग माग गर्ने निर्णय गरेको छ। "साथै बैठकले सडक यातायातको भाडादर पनि वृद्धि नगर्न र चाडपर्वका समयमा बजारमा हुने अस्वाभाविक मूल्यवृद्धिप्रति सरकारलाई सचेत गराउँदै आपूर्ति व्यवस्थालाई सुव्यवस्थित गर्न सरकारसँग माग गरेको छ", प्रमुख सचेतक घिमिरेले भन्नुभयो, "कांग्रेस संसदीय दल कार्यसमितिको यही असोज १३ गते बसेको बैठकले गरेको राहत व्यवस्थापन गर्न कांग्रेस सङ्घीय संसद्का सबै सांसदहरूको १५ दिनको पारिश्रमिक कट्टागरी सरकारलाई प्रदान गर्ने निर्णय पनि आज अनुमोदन गरेको छ ।"

बैठकले बाढीपहिरोका कारण भएको अन्नबालीको क्षतिअनुसार राहत उपलब्ध गराउन एवं कटान भएका स्थानमा नदी नियन्त्रण कार्यलाई प्राथमिकतामा राख्न सरकारसँग माग गर्ने निर्णय गरेको छ । यस्तै, इजरायल-लेबनानबीच सुरु भएको युद्धबाट लेबनानमा रहेका नेपाली पनि जोखिममा रहेका हुँदा उनीहरूको सुरक्षा र इच्छुकहरूलाई सकुशल स्वेदश फिर्ताको व्यवस्था मिलाउन सरकारसँग माग गर्ने निर्णय गरिएको छ।

पार्टी सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकले यही असोज १२ र १३ गतेको अविरल वर्षाका कारण गएको बाढी र पहिरोमा परी निधन भएकाप्रति दुःख व्यक्त गरेको छ । साथै बैठकले शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता रहेका नागरिकहरूको खोजीमा तीव्र ढङ्गले हरसम्भव प्रयास गर्न सरकारसँग माग गरेको छ ।रासस

## ऊर्जामन्त्री खड्का र एशियाली विकास बैंकको उपमहानिर्देशबीच भेट

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग एशियाली विकास बैंक दक्षिण एशियाली विभागका उपमहानिर्देशक सिन्डी माल्भिसिनीले भेटवार्ता गर्नुभएको छ।

सिंहदरबारस्थित ऊर्जा मन्त्रालयमा मंगलबार भएको उक्त भेटमा ऊर्जा र सिँचाइ क्षेत्रमा एडिबीको सहयोगमा सञ्चालित आयोजनाको प्रगति र आगामी दिनमा गर्ने सहकार्यबारे छलफल भएको थियो ।भेटमा मन्त्री खड्काले नेपालको ऊर्जा र सिँचाइ क्षेत्रको विकासमा एडिबीले गरेको सहयोगप्रति धन्यवाद दिनुभयो । उहाँले आगामी दिनमा सरकारलाई एडिबीको सहयोग निरन्तर हुने विश्वास व्यक्त गर्नुभयो ।



मन्त्री खड्काले एडिबीको लगानीमा निर्माण भएका आयोजनालाई यथाशीघ्र सम्पन्न गर्न सरकार लागिपरेको उल्लेख गर्दै निर्माणका क्रममा देखिएका चुनौतीलाई सरकारले चाँडो सम्बोधन गर्ने बताउनुभयो।आयोजनानिर्माणका क्रममा गर्नुपर्ने अन्तरमन्त्रालय समन्वय गर्नसमेत सरकारले ध्यान दिने उहाँले बताउनुभयो ।

ऊर्जामन्त्री खड्काले दुई ठूला राजनीतिक दल मिलेर दरिलो सरकार गठन भएकाले ढुक्क भएर लगानी गर्न एडिबीलाई आग्रह गर्नुभयो । उहाँले नेपाल मध्यम आय भएको देशमा रूपान्तरण हुने बाटोमा अगाडि बढेकाले एडिबीको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो।

भेटमा उपमहानिर्देशक माल्भिसिनीले तनहुँ जलविद्युत् आयोजना र दूधकोसी जलविद्युत् आयोजनालाई चाँडो सम्पन्न गर्नका लागि आयोजना निर्माणका क्रममा देखिएका समस्या समाधानका लागि सहजीकरण गरिदिन आग्रह गर्नुभएको थियो । उहाँले नेपालमा विकास निर्माणको वातावरण सुनिश्चित गरे एशियाली विकास बैंकले धेरै क्षेत्रमा सहयोग गर्ने बताउनुभयो ।

भेटमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडी, नेपालका लागि एसियाली विकास बैंक (एडिबी)का देशीय निर्देशक अर्नाउड काउकोइसलगायतको सहभागिता थियो ।रासस

## नेपाल र अमेरिकाबीच सहकार्यसम्बन्धी सम्झौतामा हस्ताक्षर

वाशिङ्टनडिसी ।नेपाल र अमेरिकाबीच दुईपक्षीय परामर्श संयन्त्र (बाइल्याटरल कन्सल्टेसन मेकानिजम)सम्बन्धी सम्झौतामा यहाँस्थित अमेरिकी विदेश मन्त्रालय (स्टेट डिपार्टमेन्टमा)मा हस्ताक्षर भएको छ।



उक्त सम्झौतामा नेपालको तर्फबाट परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र अमेरिकाको तर्फबाट अमेरिकी राजनीतिक मामिलाका कार्यवाहक उपविदेशमन्त्री जोन बासले सोमबार हस्ताक्षर गर्नुभएको छ।


उक्त सम्झौताअनुसार नेपालको परराष्ट्र मन्त्रालय र अमेरिकी विदेश मन्त्रालयका उच्च अधिकारीहरूबीच संयन्त्रमार्फत विविध पक्षका बारेमा काठमाडौँ र वाशिङ्टनडिसीमा परामर्श र छलफल गरिने जनाइएको छ।

उक्त सम्झौतापश्चात दुई देशका मन्त्रीहरूले नेपाल र अमेरिकाबीचको सामूहिक चासोका विविध विषयमा छलफल गर्नुभएको थियो । स्टेट डिपार्टमेन्टमा आयोजना गरिएको कार्यक्रममा नेपालको तर्फबाट परराष्ट्र सचिव सेवा लम्साल अमेरिकाका लागि कार्यवाहक राजदूत कुमारराज खरेल तथा अमेरिकाको तर्फबाट दक्षिण तथा मध्य एसियासम्बन्धी सहायक विदेशमन्त्री डोनाल्ड लु उपस्थित हुनुहुन्थ्यो।

परराष्ट्रमन्त्री राणा मंगलबारै वाशिङ्टनबाट दोहा प्रस्थान गर्नुभएको छ । त्यहाँ उहाँले नेपालको प्रतिनिधिमण्डलको नेतृत्व गर्दै एसियाली सहकार्य संवादको समिटमा भाग लिनुहुनेछ ।रासस

## जलवायु परिवर्तनका असर घटाउन प्रविधि हस्तान्तरणमा जोड

काठमाण्डु । कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले जलवायु परिवर्तनका कारण देशको कृषि क्षेत्रमा प्रभावित भएको बताउनुभएको छ । साथै उहाँले जलवायु परिवर्तनका असर घटाउन प्रविधि हस्तान्तरणमा जोड दिनुभएको छ।



अन्तरराष्ट्रिय पर्वतीय विकास केन्द्र (इसिमोड)ले मंगलबार आयोजना गरेको अन्तरराष्ट्रिय सम्मेलनको मंगलबार उद्घाटन गर्दै मन्त्री अधिकारीले जलवायु परिवर्तनको सामनामा पर्वतीय खाद्य प्रणालीको दिगोपनलाई सम्बोधन गर्न सबै एकै ठाउँमा उभिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

देशको पहाडी पारस्थितिक प्रणालीको समृद्ध विविधताले लाखौँको जीविकोपार्जनलाई सहयोग पुऱ्याएको चर्चा गर्दै मन्त्री अधिकारीले साना तथा सीमान्त किसानले राष्ट्रिय खाद्य सुरक्षाको लागि महत्वपूर्ण योगदान गरेको बताउनुभयो।

नेपालका विविध कृषि-जलवायु क्षेत्र, समृद्ध पारि स्थितिक क्षेत्र र कृषि जैविक विविधताले खाद्य र पोषण सुरक्षा, कृषि उत्पादकत्व वृद्धि र ग्रामीण जीवनस्तरमा सुधार ल्याउन अपार सम्भावना प्रदान गरे पनि दबाबपूर्ण चुनौतीको सामना गर्नुपरिरहेको मन्त्री अधिकारीले उल्लेख गर्नुभयो।

जलवायु परिवर्तनबाट परेको प्रभावको सामना गर्न सरकारले प्रकृतिमैत्री,सरल, दिगो समाधानका उपाय अपनाउन सङ्कल्प गरेको भन्दै मन्त्री अधिकारीले कृषि प्रणालीमा प्रारम्भिक चेतावनी प्रणालीको विकास गरी कार्यान्वयन गर्न मन्त्रालय सक्रियतापूर्वक लागेको जानकारी दिनुभयो । जलवायु परिवर्तनका असर घटाउन प्रविधि विकास तथा हस्तान्तरण गर्न उहाँले जोड दिनुभएको इसिमोडले जनाएको छ ।रासस

## उद्धार र राहतमा क्रियाशील रहन कांग्रेस शुभेच्छुक संस्था समन्वय विभागको आग्रह

काठमाण्डु । नेपाली काग्रेसको शुभेच्छुक संस्था समन्वय विभागले राष्ट्रिय विप्दको बेला राहत तथा उद्धार कार्यमा सक्रिय रहन शुभेच्छुक संस्थाका पदाधिकारी एवम् सदस्यलाई आग्रह गरेको छ।

विभाग प्रमुख अब्दुल सत्तारले मंगलबार एक विज्ञप्ति जारी गरी असोज १० गतेदेखि तीनदिनसम्म देशभर परेको अविरल वर्षाको कारण ठूलो जनधनको क्षति भएको भन्दै यस घडीमा विभागमा आबद्ध सङ्घ, प्रदेश र स्थानीय तहमा क्रियाशील शुभेच्छुक संस्थाका प्रतिनिधिहरूलाई राहत तथा उद्धार कार्यमा सक्रिय रहन आग्रह गर्नु भएको हो।



यसैगरी दुःखद घडीमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मृतकका परिवारलाई उचित राहतको व्यवस्था मिलाउन, बेपत्ता भएकाको चाँडो खोजी गर्न र घाइतेको यथाशीघ्र निःशुल्क उपचारको व्यवस्था मिलाउन सरकारसँग माग गरेको छ। विभागले यस विषम परिस्थितिमा सुरक्षा निकाय, सडक विभागको समन्वयमा अवरुद्ध राजमार्ग, सहायक मार्ग तथा पुलको चाँडो मर्मतसम्भार गरी यातायातका साधन सञ्चालन गर्न सरकारसँग माग गरेको छ।

संयोजक सत्तारले नेपालीहरूको पर्व विजयादशमीको पूर्वसन्ध्यामा भएको यस अकल्पनीय घटनाले जनतामा त्रास उत्पन्न भएकाले जनतालाई सुरक्षित तवरले गन्तव्यस्थलसम्म जाने वातावरण निर्माणमा लाग्न सरकारलाई आग्रह गर्नुभयो ।रासस

# आफ्ना नागरिकलाई लेबनान छोड्न अष्ट्रेलियाको आग्रह

सिन्ह्वा

क्यानबेरा । बढ्दो द्वन्द्व र अशान्तिकाबीच बेरुत विमानस्थल बन्द हुन सक्ने चेतावनी दिँदै अष्ट्रेलिया सरकारले आफ्ना नागरिकहरूलाई तुरुन्तै लेबनान छोड्न आह्वान गरेको छ ।



सोमबार राति सामाजिक सञ्जालमा विज्ञप्ति सार्वजनिक गर्दै विदेश मामिलामन्त्री पेनी वोङले लेबनानमा रहेका अस्ट्रेलियालीलाई हवाइ टिकटको व्यवस्था गर्नका लागि विदेश मामिला तथा व्यापार विभाग (डिएफएटी) ले एयरलाइन्ससँग समन्वय गरिरहेको बताउनुभएको छ ।

पछिल्लो समयमा मध्यपूर्वमा चलिरहेको द्वन्द्वको बीच अष्ट्रेलियाली नागरिकहरूलाई लेबनान यात्रा नगर्न तथा पहिले नै लेबनानमा रहेका नागरिकहरूलाई लेबनान छोड्नका लागि सरकारको बारम्बार चेतावनी दिईरहेको छ ।

लेबनानमा रहेका अस्ट्रेलियालीहरूलाई स्वदेश फर्कने अवसर लिन आग्रह जारी गर्दै उचित मार्ग चयनको लागि केहि समय धैर्य गर्न आग्रह गरेको छ ।

क्यानबेरामा मङ्गलबार सञ्चारकर्मीसँग कुरा गर्दै अर्थमन्त्री जिम चाल्मर्सले बढ्दो द्वन्द्वको मानवीय मूल्यका बारेमा सरकार गम्भीर रूपमा चिन्तित रहेको बताउनुभएको छ । डिएफएटीद्वारा सञ्चालित सेवाले सन् २०२३ अक्टोबर देखिनै लेबनानका लागि "यात्रा नगर्न सल्लाह दिदै आएको जनाइएको छ । लेबनानका लागि शनिबार जारी गरिएको निर्देशनको पछिल्लो अपडेटले आतङ्ककावादी आक्रमण कुनै पनि समय र स्थानमा हुन सक्ने चेतावनी दिएको छ । यसै बीच अष्ट्रेलियाली नागरिक र लेबनानका स्थायी बासिन्दालाई डिएफएटीको सङ्कट दर्ता पोर्टलमा दर्ता गर्न आग्रह गरिएको छ भने लेबनान नछोड्नेहरूका लागि आक्रमणको समयमा सुरक्षित आश्रयसहित पूर्वतयारीका साथ आक्रमणको सामना गर्न तयार हुन जानकारी दिइएको छ ।

यसअघि अस्ट्रेलियन ब्रोडकास्टिङ कर्पोरेसनले सेप्टेम्बरमा सरकारले कम्तिमा १५ हजार देखि ३० हजार अष्ट्रेलियालीहरू अझै पनि लेबनानमा रहेको अनुमान गरेको थियो ।रासस

# रुवान्डामा मार्बर्ग भाइरसबाट तीन सयभन्दा बढी सङ्क्रमित, आठको मृत्यु

एएनआई

किगाली ।रुवान्डाभर अत्यधिक सङ्क्रामक मार्बर्ग भाइरस फैलिएको छ । भाइरसले मुलुकभरमा तीन सयभन्दा बढी सङ्क्रमित भएका छन् भने आठ जनाको मृत्यु भएको छ ।

अल जजिराका अनुसार रुवान्डाले यस भाइरसको प्रकोप घोषणा गरेको छ । भाइरसको हाल कुनै अधिकृत खोप वा उपचार छैन । भाइरसले मुलुकका ३० मध्ये सात जिल्लालाई प्रभावित गरेको छ । रुवान्डाका स्वास्थ्यमन्त्री साबिन एन्सान्जिमानाले भाइरसको फैलावट रोक्न मद्दत गर्न सम्पर्क ट्रेसिङ (खोजी) र परीक्षण बढाइरहेको जानकारी दिनुभयो । रुवान्डाका अधिकारीहरूले पहिलो पटक मुलुकलाई सङ्क्रमित बनाएको भाइरस रोक्न प्रकोप नियन्त्रण प्रयासलाई तीव्र पारिरहेका छन् ।



विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले आफ्नो समर्थन बढाइरहेको र भाइरसको फैलावट रोक्न सहयोग गर्नका लागि रुवान्डाका अधिकारीहरूसँग काम गरिरहेको सङ्गठनका महानिर्देशक महानिर्देशक टेड्रोस अधानोम घेब्रेयेससले सामाजिक सञ्जाल एक्समा बताउनुभयो ।

डब्लुएचओले तान्जानिया, प्रजातान्त्रिक गणतन्त्र कङ्गो, केन्या र दक्षिण अफ्रिका जस्ता अफ्रिकी मुलुकहरूमा मार्बर्गको प्रकोप देखिएको बताएको छ । रुवान्डास्थित डब्लुएचओको कार्यालयका अनुसार भाइरस नियन्त्रण गर्न आपत्कालीन चिकित्सा आपूर्तिहरू तयार गरिँदैछ । त्यस्तै केन्याको नैरोबीमा रहेको डब्लुएचओको आपत्कालीन प्रतिक्रिया केन्द्रबाट आगामी दिनहरूमा रुवान्डाको राजधानी किगालीमा डेलिभरीका लागि सङ्क्रमण रोकथाम र नियन्त्रण आपूर्तिहरूको खेप तयार गरिँदैछ ।

जर्मनीको मार्बर्ग र सर्बियाको बेलग्रेडका प्रयोगशालाहरूमा रोकको प्रकोप फैलिएपछि दुर्लभ मार्बर्ग भाइरस पहिलो पटक सन् १९६७ मा पहिचान गरिएको थियो । त्यहाँ बाँदरहरूमा अनुसन्धान गर्दा सम्पर्कमा आएपछि मानिसहरू मरेका थिए । यो भाइरस फलफूल खाने चमेराबाट मानिसहरूमा सर्छ र सङ्क्रमित व्यक्तिहरूको शारीरिक तरल पदार्थ, सतहहरू र सामग्रीहरूको प्रत्यक्ष सम्पर्कबाट मानिसहरूमा फैलिन्छ ।

डब्लुएचओका अनुसार मार्बर्ग भाइरसका लक्षणहरूमा ज्वरो, मांसपेशीमा दुखाइ, पखाला, वान्ता र केही मामिलामा अत्यधिक रक्तस्राबका कारण सङ्क्रमितको मृत्यु हुन्छ ।यस भाइरसले रक्तस्राबी ज्वरो निम्त्याउँछ र यसको मृत्युदर ८८ प्रतिशतसम्म हुन्छ । यो इबोला भाइरस रोग लगाउने भाइरसको परिवारमा पर्छ ।

# हिज्बुल्लाहविरुद्ध कारबाही गर्न इजरेली सेना 'लेबननी भूमिमा प्रवेश'



बीबीसी

काठमाण्डु । इजरेलले आफूले दक्षिण लेबननका "सीमित र निश्चित स्थानमा स्थल कारबाही" सुरु गरेको जनाएको छ।

इजरेल डिफेन्स फोर्सेज (आईडीएफ) ले इरानबाट समर्थनप्राप्त लेबननी लडाकु समूह हिज्बुल्लाहका भौतिक संरचनाहरूलाई लक्ष्य बनाउँदै अहिले सैन्य कारबाही भइरहेको जनाएको छ। आईडीएफका अनुसार ती संरचनाबाट "उत्तरी इजरेलस्थित इजरेली समुदायहरूलाई तत्काल खतरा" छ।

हिज्बुल्लाहका सहायक प्रमुखले आफ्नो समूह लेबननभित्र इजरेलले गर्ने जस्तोसुकै सैन्य कारबाहीको प्रतिकार गर्न तयार रहेको बताएका छन्। लेबननको राष्ट्रिय सेनाले आफ्नो दक्षिणी सीमाबाट आफ्ना सैनिकहरू पाँच किलोमिटर उत्तरतर्फ सार्न थालेको बताएको एक सरकारी सूत्रलाई उद्धृत गर्दै समाचारसंस्था रोएटर्सले जनाएको छ।

**इजरेल के भन्छ**

इजरेलका रक्षामन्त्री योआभ गालान्टले यसअघि इजरेली सेना लेबननी भूमिमा प्रवेश गर्न तयार रहेको सङ्केत गरेका थिए। दुई देशबीचको सीमानजिकै परिचालित सैनिकहरूलाई सम्बोधन गर्दै उनले इजरेल "जल, स्थल र आकाश" तीनवटै मोर्चाबाट हिज्बुल्लाहमाथि कारबाही गर्न तयार रहेको बताएका थिए।मङ्गलवार बिहानै सामाजिक सञ्जाल 'एक्स' मा प्रेषित एउटा विज्ञप्तिमा आईडीएफले आफ्ना सैनिकहरू सीमा नाघेर लेबननी भूमिमा प्रवेश गरेको जनाएको छ।

त्यसअघि उत्तरी इजरेलका सीमावर्ती क्षेत्रमा ट्याङ्क र अन्य बख्तरबन्द गाडीहरू भेला भएका थिए।

सोमवार इजरेली रक्षामन्त्रीले हिज्बुल्लाहका नेता हसन नस्रल्लाहको हत्या "एउटा महत्त्वपूर्ण कदम" पनि भए पनि त्यो सबै कुरा हैन" भनेका थिए। "गर्नुपर्ने सबै कुरा गरिने छ। अनि हामी जल, स्थल र आकाशबाट सबै बल प्रयोग गर्ने छौँ।"

इजरेल सरकारले आफ्ना हजारौँ नागरिकलाई आफ्ना बस्तीमा सुरक्षित फर्किन पाउने अवस्था सिर्जना गर्ने वाचा गरेको छ। गाजामा युद्ध सुरु भएपछि हिज्बुल्लाहले इजरेलभित्र लेबननतिरबाट रकेट प्रहार गर्दै आएको थियो।विभिन्न देशले हिज्बुल्लाहलाई "आतङ्कवादी" सङ्गठन मान्दै आएका छन्। उक्त समूहले इजरेली सीमानजिकैको भूभागमा सुरुङ, बङ्कर र सैन्य संरचनाहरू बनाएको छ।

**'संघर्ष धेरै लामो हुन सक्ने'**

हिज्बुल्लाहका सहायक प्रमुख शेख नाइम कसिमले इजरेलले अहिलेसम्म गरेका आक्रमणहरू निकै कम भएको भन्दै सङ्घर्ष धेरै लामो हुन सक्ने जनाएका छन्।केही साताअघि भएका पेजर र वाकीटकी आक्रमणहरूमा हिज्बुल्लाहले ठूलो क्षति बेहोर्नुपरेको छ। ती आक्रमण इजरेलले गराएको ठानिएको छ । इजरेलले हिज्बुल्लाहका वरिष्ठ नेताहरूलाई लक्ष्य गर्दै उनीहरूको हत्या पनि गरिदिएको छ। इजरेलले गत शुक्रवार हिज्बुल्लाहका प्रमुख नस्रल्लाहको हत्या गरिदिएको थियो।

इजरेलले गरेका हवाई हमलाहरूमा हिज्बुल्लाहका सैन्य कमान्डरहरू तथा सर्वसाधारण मानिसहरूक पनि मृत्यु भएको छ।लेबननी अधिकारीहरूका अनुसार विगत दुई साताामा इजरेलले गरेका हमलामा परी १,००० जनाभन्दा बढीको मृत्यु भइसकेको छ भने १० लाख जना विस्थापित भइसकेका छन्।

# थाइल्याण्डमा स्कुल बसमा आगलागी, २५ जनाको मृत्यु भएको आशङ्का

एएफपी

बैंकक । थाइल्याण्डमा ४४ जना विद्यार्थी र शिक्षक बोकेको विद्यालयको बसमा मङ्गलबार आगलागी भएको छ । अधिकारीहरुले बसमा सवार २५ जनाको मृत्यु भएको आशंका व्यक्त गरेका छन् ।



प्रधानमन्त्री पेतोङ्तार्न सिनावात्राले घाइते र पीडित परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ । यातायातमन्त्री सूर्या जुङरुङराङकिटले मृतकको सङ्ख्या स्पष्ट नभएको तर आगलागीपछि २५ जनाको विवरण हालसम्म प्राप्त नभएको बताउनुभएको छ ।

"प्रारम्भिक प्रतिवेदनअनुसार बसमा ३८ जना विद्यार्थी र ६ जना शिक्षकसहित ४४ जना रहेका थिए । हामीलाई जानकारी भएअनुसार तीन शिक्षक र १६ जना विद्यार्थी बाहिर निस्केका छन्", उहाँले सञ्चारकर्मीलाई बताउनुभयो। उथाइ थानी प्रान्तबाट विद्यार्थी बोकेर हिडेको बस उत्तरी बैंककको उपनगरको राजमार्गमा पङ्चर भएको र ठोक्किएको एक उद्धारकर्मीले जानकारी गराउनुभयो । कम्प्रेस्ड ग्यासमा चलिरहेको बस ठोक्किदा इन्धन ट्याङ्की जलेर आगलागी हुन पुगेको उहाँले बताउनुभयो ।

# शिगेरु इशिबा औपचारिक रुपमा जापानको प्रधानमन्त्रीमा निर्वाचित

एएफपी

टोकियो । जापानको सत्तारुढ लिबरल डेमोक्र्याटिक पार्टीका नेता शिगेरू इसिबाले मङ्गलबार संसदको दुबै सदनबाट बहुमत प्राप्त गर्दै औपचारिक रुपमा जापनको प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको छ ।



नव-निर्वाचित इसिबाले देशमा बढ्दै गएको आर्थिक मन्दीको सम्बोधनका लागि अक्टोबर- २७ का लागि आकस्मिक निर्वाचन बोलाउन चाहेको बताउनुभएको छ । एलडिपीको बहुमत रहेको जापानी संसदले मङ्गलबार इसिबाको नियुक्तिलाई अनुमोदन गरेको छ भने बुधबार नयाँ मन्त्रीपरिषद् घोषणा गर्ने अपेक्षा गरिएको छ ।

पूर्व मुख्य क्याबिनेट सचिव कत्सुनोबु काटोलाई अर्थमन्त्री बन्ने सुझाव दिइएको तथा जनरल नाकातानीले रक्षा र ताकेसी इवायाको विदेश मामिला लिने स्थानीय सञ्चारमाध्यमले जनाएको छ ।इसिबाको जितले "एलडिपीले अर्को राष्ट्रिय चुनावमा पार्टीलाई नेतृत्व गर्न मतदाताको अपिल भएको अनुभवी नेताको खोजी गरेको सङ्केत गरेको सेन्टर फर स्ट्रेटेजिक एन्ड इन्टरनेसनल स्टडीजका युको नाकानोले बताउनु भएको छ ।

# चीनद्वारा 'लेबनानको सार्वभौमसत्तामा हस्तक्षेप' को विरोध

एएफपी

बेइजिङ । इजरायलले लेबनानमा स्थल आक्रमण सुरु गरेको बताएपछि चीनले मङ्गलबार 'लेबनानको सार्वभौमसत्ताको उल्लङ्घन' को विरोध गर्ने बताएको छ । साथै बेइजिङले बढ्दो तनावप्रति 'अत्यधिक चिन्तित' रहेको बताएको छ ।



इजरायली सेनाले मङ्गलबार दक्षिणी लेबनानमा हिजबुल्लाहलाई लक्षित गर्दै स्थल आक्रमण सुरु गरेको बतायो । यसले सयौँ मानिसहरूको ज्यान लिएको एक साताको तीव्र हवाई आक्रमणपछि द्वन्द्वलाई अझ बढाएको छ ।

यद्यपि लेबनानमा रहेको संयुक्त राष्ट्रसङ्घको शान्ति सेनाले इजरायली कारबाही 'स्थलगत घुसपैठ' नभएको बताएको छ भने इरान समर्थित हिजबुल्लाहले कुनै पनि सैनिकले सीमा पार गरेको कुरालाई अस्वीकार गरेको छ ।क्षेत्रीय टकरावलाई रोक्न अन्तर्राष्ट्रिय आह्वानका बाबजुद इजरायलले दक्षिण बेरुत, दमास्कस र गाजालाई लक्षित गरेको बेला यी दाबीहरूलाई तत्काल प्रमाणित गर्ने कुनै उपाय थिएन ।

"चीन लेबनान र इजरायलबीच विद्यमान अवस्थाबारे अत्यन्त चिन्तत छ र सम्बन्धित सैन्य कारबाहीका कारण क्षेत्रीय तनाव अझ बढ्नेबारे चिन्तित छ", चिनियाँ विदेश मन्त्रालयले मङ्गलबार एक वक्तव्यमा भन्यो, "चीन लेबनानको सार्वभौमसत्ता, सुरक्षा र क्षेत्रीय अखण्डताको उल्लङ्घनको विरोध गर्दछ र द्वन्द्वलाई बढाउने तथा क्षेत्रीय स्थितिलाई थप उत्तेजित पार्ने यस्ता कार्यको विरोध गर्दछ ।"बेइजिङले वक्तव्यमा इजरायलसँग 'परिस्थितिलाई शान्त पार्नका लागि ठोस कदम चाल्न' आग्रह गरेको छ ।

इजरायलले लेबनानबाट सेना फिर्ता गर्नुपर्छ- रुस यसैबीच रुसले इजरायललाई दक्षिणी लेबनानबाट आफ्ना सेना 'तत्काल' फिर्ता गर्न आग्रह गरेको छ ।

इजरायली सेनाले दक्षिणी लेबनानमा हिजबुल्लाह लडाकूहरू विरुद्ध 'स्थल आक्रमण' सुरु गरेको बताएपछि रुसले उक्त आग्रह गरेको हो ।

इजरायलले लेबनानमा एक साताको तीव्र हवाई आक्रमण गरेपछि स्थल आक्रमण गर्ने घोषणा गरेको थियो ।

हवाई आक्रमणमा सयौँ मानिस मारिएका थिए भने हिजबुल्लाह प्रमुख हसन नसरल्लाहको पनि मृत्यु भएको थियो । क्रेमलिनले यी सैन्य कारबाहीहरूको पनि निन्दा गरेको छ ।

"रुस लेबनानमाथिको आक्रमणको कडा निन्दा गर्दछ।इजरायली अधिकारीहरूलाई तत्काल युद्धविराम गर्न, लेबनानी क्षेत्रबाट आफ्ना सैनिकलाई फिर्ता गर्न र मध्यपूर्वमा द्वन्द्व समाधान गर्न शान्तिपूर्ण उपायहरूको वास्तविक खोजीमा संलग्न हुन आह्वान गर्दछ", रुसी विदेश मन्त्रालयले एक वक्तव्यमा भनेको छ, "हामी सशस्त्र आक्रमणको शिकार भएको मित्र राष्ट्र लेबनानको नेतृत्व र जनतासँग ऐक्यबद्धता व्यक्त गर्दछौं ।"

# इरानमा बाढीका कारण १५ जनाको मृत्यु , उद्धार अभियान समाप्त

एएफपी

तेहरान । इरानको दक्षिणी सहरमा आएको आकस्मिक बाढीले छ जनाको मृत्यु भएको प्रारम्भिक तथ्याङ्कलाई अपडेट गर्दै कुल १५ जनाको मृत्यु भएको राष्ट्रिय सञ्चारमाध्यमले मङ्गलबार जनाएको छ । सोमबारको बाढीमा परी मृत्यु भएका लगभग सबै इस्लामिक गणतन्त्रमा बसोबास गर्ने अफगान नागरिक रहेको इरानको आइएसएनए समाचार समितिले जनाएको छ ।जिरोफ्ट सामान्य रूपमा सुख्खा दक्षिणी प्रान्त केरमानमा अवस्थित एउटा सहर हो ।



"हलिल नदीमा आएको बाढीकारण बेपत्ता हुनेमध्ये अन्तिम शव जिरोफ्टमा फेला परेपछि कुल १५ जनालाई मृत घोषित गरिएको छ", आधिकारिक इर्ना समाचार समितिले बतायो । त्यससँगै खोजी र उद्धार अभियान समाप्त भएको इर्नाले जनाएको छ ।

इरानले विगत एक दशकमा बारम्बार विनाशकारी बाढीको सामना गर्दै आएको छ । सन् २०२२ मा इरानको दक्षिणी क्षेत्रमा आएको भारी वर्षाले कम्तीमा ८० जनाको ज्यान लिएको थियो र करिब २० करोड डलरको क्षति भएको अनुमान गरिएको थियो ।

# जम्मु-कस्मिरमा विधानसभा निर्वाचनअन्तर्गत अन्तिम चरणको मतदान

एएफपी

श्रीनगर । भारत प्रशासित कश्मीरमा मङ्गलबार विधानसभा निर्वाचनअन्तर्गत तेस्रो एवं अन्तिम चरणको मतदान सुरु भएको छ ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारद्वारा सन् २०१९ मा जम्मु-कस्मिरको विशेष दर्जा हटाइयो र केन्द्र शासित दुई प्रदेश सिर्जना गरिएको थियो । भारत-पाकिस्तानबीच विभाजित रहेको क्षेत्र त्यसबेलादेखि संघीय रूपमा नियुक्त गभर्नरको नियन्त्रणमा रहँदै आएको छ ।



३५ वर्षदेखि द्वन्द्वको सामना गरिरहेको जम्मु-कस्मिर क्षेत्रमा करिब पाँच लाख भारतीय सेना तैनाथ गरिएको छ र मङ्गलबारको निर्वाचनमा सुरक्षा व्यवस्था कडा पारिएको छ । उच्च बेरोजगारी दर र सन् २०१९ को परिवर्तनप्रति आक्रोशले अभियानलाई उत्प्रेरित गरेको छ र स्थानीय दलहरूले कस्मिरको स्वायत्तताको पुनर्स्थापनाका लागि लड्ने वाचा गरेका छन् ।

मतदानको पहिलो दुई चरणमा ५५ प्रतिशतभन्दा बढी योग्य मतदाताले मतदान गरेका थिए ।विद्रोहीहरूले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै दशकौँदेखि भारतीय सेनासँग लडिरहेका छन्। करिब एक दशकपछि जम्मु-कस्मिरमा भएको निर्वाचनलाई मध्यनजर गर्दै प्रदेशभर सुरक्षा व्यवस्था कडा पारिएको छ ।

# अमेरिकामा आँधीका कारण मृत्यु हुनेको संख्या १ सय १८ पुग्यो

एएफपी

वाल्डोस्ता । दक्षिणपूर्वी संयुक्त राज्य अमेरिकामा 'हेलेन' नामक विनाशकारी आँधीबेहरीबाट ज्यान गुमाउनेको संख्या सोमबार ११८ पुगेको छ ।

दक्षिणपूर्वी अमेरिकी राज्यमा सयौं अझै बेपत्ता छन् र मृत्युको संख्या बढ्दै जाँदा, राष्ट्रपति जो बाइडेनले उद्धार प्रयासको निरिक्षण गर्न बुधबार आँधीले ध्वस्त पारेको उत्तरी क्यारोलिनाको यात्रा गर्ने घोषणा गर्नुभएको छ ।

आँधीबेहरी र त्यसले निम्त्याएको बाढीबाट उत्तर क्यारोलिनामा ४९, दक्षिण क्यारोलिनामा २५, जर्जुयामा २५, फ्लोरिडामा १४, टेनेसीमा ४ र भर्जिनियामा एक गरी कम्तिमा ११८ जनाको मृत्यु भएको एएफपीले संकलन गरेको स्थानीय अधिकारीको तथ्याङ्कले जनाएको छ ।

संघीय आपतकालीन व्यवस्थापन प्रशासन (फेमा) का कर्मचारीले प्रभावित राज्यमा मानिसको उद्धार र खोजी कार्य जारी राखेका छन् । उनीहरूले प्रभावित क्षेत्रहमा पानी र बिजुली आपूर्ति पुनर्स्थापना गर्ने, आँधीले ढालेका रूखहरू पन्छ्याउने, आवश्यक सामग्री उपलब्ध गराउने र सहायता आवश्यक हुने मानिसको नाम दर्ता गर्ने काम गरिरहेका छन् ।

अधिकारीहरूले मृतकको सङ्ख्या बढ्ने चेतावनी दिँदै अझै ६०० जना बेपत्ता रहेको जानकारी गराएका छन् ।

# पाकेर लहलह झुलेको धान बाढीले सखाप, खेत बन्यो बगर

कमलामाई । सिन्धुलीको सुनकोशी गाउँपालिका-१ नेपालथोकका सुन्दर फाँट पाकेको धानले पहेँलपुर देखिएको थियो । लहलह झुलेर सुनौलो देखिएका धान भित्र्याउन किसानले खेतला खोजिसकेका थिए ।

गत शुक्रबार र शनिबार रोशी खोलामा आएको बाढी धान फाँटमा पस्यो । बाढीसँगै आएको लेदो माटो, गेग्रानले खेतै बगर बनाइदियो । दसैँअघि थन्क्याई सक्ने तयारी गरिएको धान बालीसहित उब्जाउ हुने खेत बगरमा परिणत भएपछि किसान निराश छन् ।



जग्गा भाडामा लिएर २२ रोपनीमा लगाइएको धान भित्र्याउने बेलामा बाढीले सखाप पारेपछि भोक, निद्रा हराएको किसान केशवसिंह श्रेष्ठको दुःखेसो छ । "जेठ २९ गते रु ८० हजार खर्च गरेर रोपेको धान पाकेपछि बाढीले खायो, दुःख गर्ने हामीले खान पाएनौँ ।

सात जनाको परिवार छ, अब के खुवाएर पाल्ने ? चिन्ता मात्र लाग्छ, चार दिनदेखि भोक, निद्रा छैन", भन्नुभयो । किसान श्रेष्ठले २२ रोपनीबाट एक सय मुरी धान भित्र्याउने गर्नुभएको थियो । यस वर्ष एक दानो भित्र्याउन नपाई बाढीले सखाप बनायो ।

सुनकोशी-१ गोइरीकी कृष्णमाया तोलङ्गेले बाढी खेतमा पसेपछि एक दानो धान भित्र्याउने अवस्था नरहेको बताउनुभयो । तीन रोपनीमा लगाएको पाकेको धान, रोपाइँ खर्च, बीउ, मल, परिश्रम सबै खेर गएको उहाँले सुनाउनुभयो ।बाढीले बगाएको धान खेत हेर्दै गणेश श्रेष्ठ भक्कानिनुभयो ।

सुनकोशी-१ गजुलीदह बस्ने किसान श्रेष्ठको मुख्य पेसा कृषि नै हो । यसैबाट निर्वाह भएको थियो, पाँच जना परिवारको जीवन । पाकेको धानसहित पाँच रोपनी खेत बगर बनाएपछि उहाँलाई यतिबेला चिन्ता बढेको छ ।

नेपालथोकका किसानलाई मात्रै होइन, बाढीले खोला र नदी आसपासका धान खेत कतै कटान गरेको छ त कहीँ ढालेर सोतर बनाएको छ भने कतै बालुवा, माटो, ढुङ्गा र मुढाले पुरेर उराठिलो बगर बनाइदिएको छ । सुनकोशी गाउँपालिकाभित्रको क्षेत्रमा मात्रै तीन सय बिघामा लगाइएको धान बाली बाढीले नष्ट गरेको उपाध्यक्ष कपिलकुमार कोइरालाले बताउनुभयो ।

गोलञ्जोर गाउँपालिका क्षेत्रमा भित्र्याउने बेला भएको ३० बिघाको धान बाली क्षति भएको उपाध्यक्ष ज्वालाप्रसाद न्यौपानेको आकलन छ ।

सुनकोशमा आएको बाढीले विशेषगरी गोलञ्जोर-७ को बेसीँफाँट, वडा नं ६ को बलेनी, हैवारी क्षेत्र, वडा नं २ को कुखुरेटार, ३ नं वडाको मुर्गी, दिङदिङबेँसी र वडा नं १ को च्याखुटारबेँसीको धान फाँटमा क्षति गरेको उहाँले बताउनुभयो ।

हरिहरपुरगढी गाउँपालिकामा वाग्मती नदीमा आएको बाढीले बस्तीपुर फाँट, कुर्ले फाँट, भिसापानी फाँट, श्रीपुर फाँटलगायत स्थानका धान बाली सखाप बनाएको छ ।

हरिहरपुरगढी-१, २ र ३ वडाको खेतीयोग्य जमिन कटान भएको छ । पालिका अध्यक्ष बज्रध्वज वाइबाका अनुसार यहाँका चार सय ६५ हेक्टर खेतीयोग्य जमिन नदीले कटान गरेसँगै धान बालीमा क्षति भएको छ ।भर्खर पसाएको धान बाढीले जमिनसँगै कटान गरेपछि किसान दुःखी छन् । बालुवा, माटो, ढुङ्गा र मुढाले पुरेको, च्यापिएको धानको बाला हेर्दै यहाँका किसान अधिकांश समय पुर्पुरोमा हात राखेर बस्छन् । मन बुझाउने विकल्प भेट्दैनन् । किसानलाई सरकारसँग पनि केही आशा छैन ।

जिल्लाका नौवटै पालिकाका खेतीयोग्य जमिन र धान बालीमा ठूलो क्षति भएको कृषि विकास कार्यालयकी कृषि प्रसार अधिकृत उमादेवी श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "तीन दिनको अविरल वर्षासँगै आएको हुरी र बाढीपहिरोले जिल्लाको सबै पालिकाको धान बालीमा असर गरेको छ । खोला र नदीमा आएको बाढीले खेतीयोग्य जमिन कटान भएका छन् ।"

कुन पालिकामा कति परिणाममा क्षति भयो भन्ने यकिन तथ्याङ्क आइसकेको छैन । सयौँ हेक्टरको धान बालीमा क्षति पुगेको आकलन छ ।

क्षति विवरण सङ्कलन भइरहेको उहाँले बताउनुभयो । क्षति विवरण यकिन भएपछि सोही आधारमा किसानलाई राहत तथा क्षतिपूर्तिका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने उहाँ बताउनुहुन्छ । कृषि विकास कार्यालयको तथ्याङ्कअनुसार यस वर्ष सिन्धुलीको ११ हजार एक सय ८८ हेक्टरमा किसानले धान बाली लगाएका थिए ।रासस

# एनसेल फाउन्डेशनद्वारा निग्लिहवामा निःशुल्क स्वास्थ्यशिविर आयोजना

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेल फाउन्डेशनद्वाराप्रदेशस्तरमासंचालन भईरहेको आफ्नो सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु अन्तर्गत सोमबार कपिलवस्तु नगरपालिका, वडा. नं ९, निग्लिहवामा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको छ । यस शिविरमा लगभग ४०० भन्दा बढी स्थानियहरुले निःशुल्क स्वास्थ्य परामर्श तथा सेवाहरुको लाभ लिएका थिए ।



नेपाल हृदयरोग निवारण प्रतिष्ठान र निग्लिहवा स्वास्थ्य चौकीका सँगको सहकार्यमा आयोजना गरिएको यस शिविरमा मानिसहरुले मुटु रोग तथा स्त्री रोग सम्बन्धी विशेषज्ञ डाक्टर हरुबाट विशेषज्ञसँग परामर्श लगायतइसीजी, मधुमेह तथा रक्तचापको जाँच सेवा पाएका थिए । बिहान १० बजेबाट सुरु भएको शिविरमा आएका मानिसहरुले परामर्श अनुसारको आवश्यक निःशुल्क औषधीहरु पनि पाएका थिए ।

यस्ता स्वास्थ्य शिविरले स्वास्थ्य सम्बन्धी केही समस्या भए पहिल्याउँदै समयमा नै निवारक स्वास्थ्य सेवाहरुका साथ समस्यासँग जुध्न मद्दत गर्दछ । एनसेल फाउन्डेशनले आफ्नो व्यावसायिक सामाजिक जिम्मेवारी (सीएसआर) अन्तर्गत कपिलवस्तुमा संचालन गरेको यो तेस्रो निःशुल्क स्वास्थ्य शिविर हो । यस अघि कपिलवस्तुको मायादेवी गाउँपालिका र बाणगंगा नगरपालीमा यस किसिमको निःशुल्क स्वास्थ्यशिविर आयोजना गरिएको थियो । यसका साथै एनसेल फाउन्डेशनले कपिलवस्तुका अन्य २ विकट क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गर्नेछ ।

"नेपालका दुर्गम क्षेत्रहरुमा स्वास्थ्य सेवाको पहुँच पुर्‍याउँदै स्वस्थ नेपाल बनाउने हाम्रो उद्देश्य अनुरुप एनसेल फाउन्डेशनले यो स्वास्थ्य शिविर आयोजना गरेको हो । हामीले समुदायका मानिसहरुका लागि फाइदा हुने काम गर्न सधैं प्रतिबद्ध रहेका छौं । यसै अनुरुप हामीहरुले सातै प्रदेशमा विभिन्न स्थानिय समुदायका मानिसहरुलाई ध्यानमा राख्दै विभिन्न ग्रासरुट स्तरका सामाजिक विकासका कार्यहरु गर्दै आएका छौं । हाम्रा परियोजनाहरुले समुदायको विकासका लागि योगदान पुर्याउने कुरामा हामी विश्वस्त छौं," एनसेलकी कर्पोरेट कम्युनिकेशन एन्ड सीएसआर हेड, विशाखा लक्ष्मी खड्काले भनिन् ।

एनसेल फाउन्डेशनले आफ्नो सामाजिक पहलअन्तर्गत सातै प्रदेशमा विभिन्न सामाजिक विकासका आयोजनाहरु सञ्चालन गरिरहेको छ । एनसेलले आफ्नो सेवा सञ्चालनको १९औं वार्षिकोत्सवको अवसरमा एनसेल फाउन्डेशनले सातै प्रदेशमा विभिन्न सामाजिक विकासका कार्यहरु योजना बनाएको छ । एक जिम्मेवार कर्पोरेट नागरिकको रुपमा एनसेलले आफ्नो स्थापना पश्चात शिक्षा, वातावरण र स्वास्थ्य लगायतका विभिन्न क्षेत्रका सामाजिक परियोजनामा २ अर्ब भन्दा बढी योगदान गरिसकेको छ ।

# परम्परागत बालीको 'पकेट' क्षेत्र बनाउन सहकारीद्वारा कृषि उपज बीउ सङ्कलन



बाजुरा । जिल्लाको स्वामीकार्तिक खापर गाउँपालिकामा रहेको एक सहकारी संस्थाले कृषि उपज बीउ सङ्कलन सञ्चालनमा ल्याएको छ । परम्परागत बालीको पकेट क्षेत्र बनाउने गरी सहकारीले किसानले लगाएका दलहनबाली खरिद गरेर बजार क्षेत्रमा पु-याउने गरेको छ ।

२०७६ सालमा स्थापना भएको सामुदायिक बीउ बैंक तथा कृषि सहकारी संस्थाले बीउ बैंक स्थापना गरी रैथाने बाली सङ्कलन गर्दै आएको हो । बीउ बैंक स्थापनाका लागि सहकारीले बचत सुरु गरेको छ । सामान्य बचत मात्रैले स्वामिकार्तिकका किसानलाई सहयोग नपुग्ने भएपछि सहकारीले बचतबाट जम्मा भएको रु १० लाख पुँजीले पालिकामा उत्पादन भएका स्याउ किसानकै बारीमा पुगेर खरिद गरी जिल्लाका विभिन्न बजार र नेपालगञ्ज, धनगढी, सुर्खेत, काठमाडौँलगायतका सहर पुर्‍याएर बिक्री गर्ने गरेको छ ।

सामुदायिक बीउ बैंक तथा कृषि सहकारीले गाउँपालिकाको कृषि विकास शाखासँग पनि सहकार्य गरेको छ । पालिकासँगको सहकार्यमा जलवायु अनुकुलन कृषि खेती तथा परम्परागत बालीको संरक्षण र सम्वर्द्धन गरिरहेको छ ।

उक्त सहकारीको बीउ बैंक तथा सङ्कलन केन्द्र स्थापनाका लागि स्याउ खेती, परम्परागत बाली बजारीकरणमा ढुवानी अनुदान दिइएको छ । सहकारीका सदस्यलाई चार वटा कृषि समूहमा विभाजन गरेर किसानलाई कृषि प्राविधिक परामर्श, प्लास्टिक टनेल, थोपा सिँचाइ, आवश्यक बीउ, हजारी, झोल मलका लागि ड्रम, पाइप, स्प्रे, पाशा, गुमोज प्लास्टिक गाउँपालिकाले सहयोग गरेको छ ।

बीउ बैंक तथा सङ्कलन केन्द्रका लागि सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय र स्वामीकार्तिक खापर गाउँपालिकाले ३० लाख सहयोग गरेको छ । बीउ बैंक तथा सङ्कलन केन्द्र स्थापनाका लागि गाउँपालिकाको सहयोगले थप मद्दत पुगेको सहकारीका व्यवस्थापक मनवीर ल्वारले बताउनुभयो ।

सहकारीको भवन निर्माण भएपछि एक गैर सरकारी संस्थाले रैथाने बाली प्रशोधन, ग्रेडिङ, प्याकिङ मेसिन, सङ्कलित बीउ राख्ने ट्याङ्की पनि सहयोग गरेको छ । बीउ बैंकमा अहिले जुनसुकै बेला कोदो, जौ, उवा, फापर, मार्से, कागुनो, सिमी, चिनो, मकै, धान, जुम्ली मार्सी धान लगायतको बीउ पाइने सहकारीका व्यवस्थापक ल्वारले राससलाई बताउनुभयो । गाउँपालिकामा पाँच जनालाई ज्याला दिएर बीउ सङ्कलनकर्ताका रुपमा नियुक्त गरिएको छ ।

सङ्कलनकर्ताले किसानको घरमै गएर परम्परागत बाली खरिद गर्दै उक्त बाली बीउ बैंक तथा सङ्कलन केन्द्रमा पुर्‍याउने गरेका छन् । बीउ वितरण गरेर बढी भएको बाली जिल्ला बाहिर पनि ढुवानी अनुदानमा सहकारीले बिक्री गर्ने गरेको छ । सहकारीले सञ्चालनमा ल्याएको बीउ बैंकबाट चालु आर्थिक वर्षमा मात्रै दुई ट्रक कोदो, दुई क्वीन्टल जौ, चिनो, कागुनो खरिद गरेर बिक्री गरेको जनाएको छ ।

सहकारीले स्वामिकार्तिकमा नपाइएको परम्परागत बालीको बीउ हिमाली, जगन्नाथ, बूढीनन्दा नगरपालिकाबाट खरिद गर्ने गरेको छ । सहकारीले बीउ बैंकको शाखा बूढीनन्दा नगरपालिकामा पनि स्थापना गरेको छ । अहिले स्वामिकार्तिक गाउँपालिकाको कृषि नीतिमा सहकारीमार्फत ढुवानी अनुदानको कुरा समेटेर बीउ बैंक र कृषि उपज सङ्कलन केन्द्रको सहजताका लागि कृषि एम्बुलेन्स खरिद गरेको गाउँपालिका अध्यक्ष भरतबहादुर रोकायाले बताउनुभयो ।

एक सय ७० सदस्य रहेको सहकारीमा एक सय स्वामिकार्तिक गाउँपालिकाका र ७० बूढीनन्दा नगरपालिकाका स्थानीय आवद्ध छन् ।

सहकारीमा ८० प्रतिशत महिला छन् । विभिन्न उपलब्धि हासिल गरेर ऋण परिचालन गरिरहेको सहकारीको कोषमा हाल १० लाख रकम रहेको व्यवस्थापक ल्वारले जानकारी दिनुभयो ।

रैथाने बालीको बीउ उपलब्ध गरी खेती गर्न थालेपछि सदस्यहरुले मासिक एक सयदेखि एक हजारसम्म बचत र ऋण परिचालन गरेका छन् ।रासस

# टीभीएस नेपालद्वारा भृकुटीमण्डपमा "महा एक्सचेन्ज मेला" आयोजना गर्ने घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । दसैँको अवसरमा, टीभीएस नेपालले "महा एक्सचेन्ज मेला"को आयोजना गर्ने भएको छ । मेला मार्फत ग्राहकलाई पुरानो मोटरसाइकल वा स्कुटर एक्सचेन्ज गरेर नयाँ टीभीएसका सवारी साधन घर लैजाने अवसर प्रदान गर्ने कम्पनीले जानकारीदिएको छ। असोज १५ देखि २०, २०८१ सम्म भृकुटीमण्डप, काठमाडौंमा आयोजना हुन लागेको यस मेलामा ग्राहकहरूले आकर्षक अफरहरू, पुरस्कारहरूका साथै विशेष दसैँ अफरहरूको फाइदा लिन सक्नेछन्।



टीभीएस महा एक्सचेन्ज मेलामा ग्राहकहरूले बृहत्त सुविधा, रोमाञ्चक अनुभवका साथै उत्कृष्ट मूल्यको मज्जा लिन पाउने कम्पनीले दावी गरेको छ । मेलामा उपभोक्ताले कुनै पनि ब्रान्डको पुरानो मोटरसाइकल वा स्कुटरसँग नयाँ टीभीएसका सवारी साधन साटेर घर लैजाने मौका पाउने कम्पनीले जानकारी दिएको छ।

दसैँलाई दृष्टिगत गर्दै टीभीएसले उपभोक्तालाई अझ बढी फाइदा दिलाउने सोचका साथ विशेष अफर हरूको ब्यवस्थापनि गरेको छ :

पूर्व-खरिद अफरहरूः दशैँका अवसरमा कम्पनीले खरिद गर्नु अघि नै उपभोक्ताका लागि रु ५,००,००० सम्मको छुट प्राप्त गर्ने अवसर प्रदान गर्ने छ । त्यसैगरी खरिद गर्दा रु १०,००,००० सम्मको छुट पाउने अवसर र साप्ताहिक क्याश ब्याक अफर अन्तर्गत हरेक सातो १०० % क्यासब्याक जित्ने अवसरपनि उपलब्ध गरिने जानकारी कम्पनीले दिएको छ ।

साथै, दीर्घकालीन विश्वास र ग्राहक सन्तुष्टि सुनिश्चितताका लागि टीभीएसको बाइक वा स्कुटरको खरिद गर्दा आजीवन वारेन्टी पनि टीभीएसले प्रदान गर्नेछ । त्यसैगरी, ६० मिनेटमा स्पेयर पार्ट्स डेलिभरी र पिक एन्ड ड्रप सेवापनि उपलब्ध गराउने कम्पनीको तयारी रहेको छ ।

त्यसैगरि उच्चतम मूल्याङ्कनको ग्यारेन्टीः मेलामा २० भन्दा बढी विशेषज्ञ मूल्याङ्कनकर्ताहरू हुनेछन्, तिनले उपभोक्ताकापुराना दुई पाङ्ग्रे सवारी साधनको लागि उच्चतम मूल्य सुनिश्चित गर्नेछन्। यो एक्सचेन्ज अफरले उपभोक्तालाई अधिकतम फाइदा दिँदै तिनलाई मनपर्ने टीभीएस मोडलमा अपग्रेड गर्न सहज अवसर प्रदान गर्नेमा कम्पनी विश्वस्त रहेको छ ।

ग्यारेन्न्टर बिना सजिलो वित्तीय सुविधाः वित्तीय चिन्ताले पिरोलिरहनु भएको छ?मेला मार्फत टीभीएसले सजिलो वित्तीय सुविधा प्रदान गर्नेछ। ग्राहकहरूले ग्यारेन्टर बिना नै सजिलो वित्तीय विकल्पहरूको फाइदा लिन सक्नेछन्, जसले प्रक्रियालाई अझ सरल र चिन्तारहित बनाउँछ ।

टेस्ट राइड र निश्चित उपहारः मेलामा टीभीएस बाइक वा स्कुटरको रोमाञ्चक अनुभव लिने अवसर प्रदान गरिने कम्पनीले जानकारी दिएको छ । साथै, टेस्ट राइडमा सहभागी हुने उपभोक्ताहरुका लागि निश्चित उपहारहरूको समेत ब्यवस्था रहने छ । छानिएका मोडलहरूमा ०% ईएमआई सुविधा : मेला मार्फत आयोजकले टीभीएसका छानिएकामोडलहरूमा ०% प्रतिशत ईएमआई को सुविधा उपलब्ध गराउने छ ।

निःशुल्कसामग्रीः एक्सचेन्ज मेलामा नयाँ टीभीएसका सवारी साधन खरिद गर्ने ग्राहकहरूले निःशुल्क हेलमेट, बाइक कभर, र ब्याग लगायत सामग्रीहरू निःशुल्क प्राप्त गर्नेछन् ।आफ्ना उपभोक्ताले सवारी साधन खरिद गरे देखि नै नै पूर्ण सुविधाको उपभोग गर्न पाउन भन्ने सोचका साथ कम्पनीले यो सुविधा प्रदान गर्न लागेको जानकारी दिएको छ ।

जगदम्बा मोटर्स प्रा.लि., नेपालमा टीभीएसका दुई पाँङ्ग्रे सवारी साधनको एक मात्र आधिकारिक वितरक हो । देशभर १४० भन्दा बढी डिलरहरुको बलियो सञ्जालका कारण टीभीएसले बजारमा आफ्नो मजबुत पकड बनाउन र ग्राहकहरूलाई सन्तुष्ट बनाउन सफल भएको छ । गुणस्तरीय उत्पादन, नवीन टेक्नोलोजीको प्रयोग, बिक्री पश्चातको उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपुर्जाहरुको उपलब्धताका कारणनै टिभिएस आज नेपालको सर्वाधिक रुचाइएको टु-ह्विलर ब्राण्डका रुपमा स्थापित हुन पुगेको छ ।

# हवाई उडानमा नयाँ रेकर्ड कायम : सोमबार भए साढे पाँच सय उडान

काठमाण्डु । सङ्घीय राजधानी काठमाडौँ भित्रने र बाहिरिने सडकमार्ग अवरुद्ध भएपछि हवाई यात्रीको चाप बढेको छ । यही असोज ११ र १२ गतेको अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढीपहिरोले सडक सञ्जाल अवरुद्ध हुँदा काठमाडौँ आउने मुख्य सडकमार्ग अवरुद्ध छन् । सडक अवरुद्ध भएपछि तीन दिनयता हवाईयात्रीको चाप ह्वात्तै बढेको हो ।

मुलुकको अति व्यस्त त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई उडानको नयाँ रेकर्ड कायम भएको छ । अन्तर्राष्ट्रिय विमानस्थलबाट सोमबार एक दिनमा साढे पाँच सय उडान भएका छन् । आन्तरिक उडान र अन्तर्राष्ट्रिय उडान गरी पाँच सय ५९ उडान भएको विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाले जानकारी दिनुभयो । उहाँका अनुसार आन्तरिकतर्फ हेलिकप्टरसहित दुई सय २७ उडान (डिपार्चर) र दुई सय २१ अवतरण (अराइभल) भएका छन् ।

अन्तर्राष्ट्रिय उडानतर्फ पनि ५६ अवतरण र ५५ उडान भएका छन् ।रासस

# नेप्से परिसूचकमा एक सय १४ अङ्कको वृद्धि




काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको सुधार देखिएको छ । मंगलबार नेप्से परिसूचक ११४ दशमलव ७० अङ्कले बढेको हो । चार दशमलव ५७ प्रतिशतको वृद्धिपछि परिसूचक दुई हजार ६२३ दशमलव ५६ को अङ्कमा कायम भएको छ ।

मंगलबार तीन सय सात कम्पनीका एक करोड ७५ लाख सात हजार ५५५ कित्ता शेयर ९६ हजार ९०६ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ६१ करोड ६५ लाख २२ हजार २५८ बराबरको कारोबार भएको छ । वित्त समूह मंगलबार सबैभन्दा धेरै नौ दशमलव ७४ प्रतिशतले बढेको छ ।

त्यस्तै, बैङ्किङ तीन दशमलव ८३, विकास बैङ्क पाँच दशमलव ४८, होटल तथा पर्यटन पाँच दशमलव ९७ र जलविद्युत् पाँच दशमलव ९८ प्रतिशतले बढेको छ । लगानी छ दशमलव १०, जीवन बीमा चार दशमलव १२, उत्पादन तथा प्रशोधन दुई दशमलव १९, लघुवित्त तीन दशमलव ९८, म्युचुअल फन्ड एक दशमलव ६६, निर्जीवन बीमा तीन दशमलव शून्य नौ, व्यापार तीन दशमलव ९९ र अन्य समूह चार दशमलव ६७ प्रतिशतले बढेको छ ।

मंगलबार १८ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने एनएमबी-५० म्युचुअल फन्डको शेयर मूल्य तीन दशमलव ८६ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै एनएलजी इन्सुरेन्स कम्पनी लिमिटेडको रु २८ करोड ८२ लाख ८३ हजार ९५६ बराबरको कारोबार भएको छ ।रासस


## भूमि सुधार तथा मालपोत कार्यालय, रौतहट, गौर

## मोठ श्रेस्ता कायम गरी दा.खा. सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना

जिल्ला रौतहट साविक गा.वि.स. लक्ष्मीपुर वेलविछवा वार्ड नं.८ हाल राजदेवी न.पा. वार्ड नं. ८ बस्ने लक्षुमन राय यादवको नाती रामअशिस राय यादवको छोरा सुरेन्द्र राय, विन्देश्वर राय, चन्देश्वर राय यादव, सकल राय यादव समेतले आफ्नो वुवा नाता पर्ने रामअशिस राय यादवको नाउँमा दर्ताको तपसिल वमोजिम रहेको जग्गा रौ.जि.अ. को ०७९- CP- २४४२ अंश दर्ता मुद्दामा मिति २०८१/०१/१७ को मिलापत्र वमोजिम दा.खा. माग गरेकोमा मोठ भिडान हुदा मोठ कायम रही रोक्का नदेखिएका साथै वार्ड नं. तिनपुस्ते नरहेको भनी मोठ श्रेस्ताबाट लेखि आएको देखिन्छ । निवेदकहरुको नाममा दा.खा. हुनु पर्ने हो , होइन वा निज बाहेक अरु कोही हकदार भए स-प्रमाण सहित लिई यो सूचना प्रकाशन मितिले ३५ दिन भित्रमा यस कार्यालयमा आफु वा रितपूर्वक वारेश मार्फत प्रतिवाद गर्न आउनु होला अन्यथा सोही वमोजिम दा.खा. भई जाने छ पछि उजुर दावी लाग्ने छैन ।

**तपशिल**

| जिल्ला | गा.वि.स | वार्ड नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | लक्ष्मीपुर वेलविछवा | २ | १५५ | ०-२-१० | रामअशिस राय यादव |
| रौतहट | लक्ष्मीपुर वेलविछवा | २ | १८८ | ०-०-१६ | रामअशिस राय यादव |
| रौतहट | लक्ष्मीपुर वेलविछवा | २ | १८९ | ०-०-६ | रामअशिस राय यादव |

# 'नेपाल-भारत मैत्री पुल निर्माणका लागि संघीय सरकारसंग समन्वय गरी पहल थालेका छौँ'



**मनोज कुमार माझी**

राजविराज । पाँच वर्ष अघि बाढीले बगाएको सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका र नेपाल-भारत सीमावर्ती क्षेत्रस्थित भारतीय बजार कुनौलीलाई जोड्ने एकमात्र अस्थायी पुल (चचरी) अझै बन्न सकेको छैन । अस्थायी पुलका कारण सर्वसाधारणलाई आवतजावत गर्न निकै सास्ती भोग्नु परिरहेको छ ।

विशेष गरी वर्षायाममा जोखिम मोलेर सर्वसाधारण आउजाउ गर्न बाध्य भएका छन् । करिब ४० वर्ष अघि सहज आवतजावतका लागि स्थानीय र सीमावर्ती भारतीय कुनौली बजारका वासिन्दा समेत मिलेर सो खोलामाथि बासको फड्केबाट पुल बनाएर आवागमनको व्यवस्था मिलाएको थियो ।

पाँच वर्ष अघि आएको बाढीले सो अस्थायी पुल (चचरी) बगाएको थियो ।

तिलाठी कोइलाडी गाउँपालिका- १ बेल्हीस्थित राजविराज भन्सार कार्यालय अगाडिको खोलामा बाँसको फड्के बनाएर पुनः आवागमनको व्यवस्था मिलाउने प्रयास गरिएको भएपनी भारतीय एसएसबीको अवरोधका कारण रोकिएको तिलाठी कोइलाडी गाउँपालिकाका तत्कालीन अध्यक्ष समेत रहेका मुख्यमन्त्री सतीशकुमार सिंहले बताए ।

उनले दुबै देशका नागरिकको सहज आवागमनका लागि त्यतिबेला बाढीले बगाएको अस्थायी पुल पुनर्निर्माणको प्रयास गरे पनि सीमा क्षेत्रमा तैनाथ भारतीय एसएसबी (सुरक्षाकर्मी) ले अवरोध गरेको बताए ।

मुख्यमन्त्री सिंहले आफू पालिका अध्यक्ष हुँदा बखत नै सो स्थानमा पुल बनाउने अथक प्रयास गरे पनि भारतीय सुरक्षाकर्मीले त्यतिबेला माथिको आदेश चाहियो भन्दै पुल निर्माण कार्यमा अवरोध गरे ।

उनले सो स्थानमा सहज आवागमनका

> मुख्यमन्त्री सिंहले आफू पालिका अध्यक्ष हुँदा बखत नै सो स्थानमा पुल बनाउने अथक प्रयास गरे पनि भारतीय सुरक्षाकर्मीले त्यतिबेला माथिको आदेश चाहियो भन्दै पुल निर्माण कार्यमा अवरोध गरे ।

लागि नेपाल-भारत मैत्री पुल निर्माण गर्ने आफ्नो योजना रहेको सुनाउँदै यसका लागि संघीय सरकारको समन्वयमा भारत सरकारसँग कुटनीतिक पहल भइरहेको स्मरण गरे ।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डलले आफूले जिम्मेवारी सम्हालेपछि सो ठाउँमा पुल निर्माणका लागि प्राथमिकताका साथ लागे पनि भारतीय सुरक्षाकर्मीको अवरोधका कारण सफल हुन नसकेको लाचारी व्यक्त गरे । "मंगलबार सीमावर्ती भारतको कुनौली, कमलपुर र डगमारा ग्राम पञ्चायतका मुखियाहरु समेतको बैठक गरी पुल निर्माण बारे छलफल गरिएको छ, अध्यक्ष मण्डलले भने, "यसले पुल निर्माणको वातावरण बन्ने विश्वास लिएका छौँ ।"

उनले बैठकमा दुबै देशका नागरिक अगुवाले पुल बनाउन आ-आफ्नो सरकारको ध्यानाकर्षण गराइ पहल गर्ने सहमति बनेको जानकारी समेत दिए ।

दशगजा क्षेत्रमा रहेको सो खोलाबाट वर्षायाममा महुली, जिता, खाँडो, त्रियुगा, भलुवाहीलगायतका नदी र खोलाको पानी बग्ने गरेको र पुल नहुँदा दुबै देशका नागरिकले सास्ती खेप्नु परिरहेको तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश झाले बताए ।

सुख्खायाममा जसोतसो आवतजावत हुने गरे पनि वर्षायाममा जोखिम मोलेर आउजाउ गर्ने बाध्यता रहेको तिलाठी कोइलाडी गाउँपालिका- १ का रुपकान्त मिश्रको भनाइ छ ।

भारत-नेपालको सीमामा पर्ने कुनौली बजारमा सो क्षेत्रका जनता किनमेल, शिक्षा, उपचार, तिर्थाटन लगायत विभिन्न कार्यको क्रममा आवतजावत गर्न यही बाटो प्रयोग गर्दै आएका छन् ।

तर पुल नहुँदा वर्षायाममा जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको भन्दै स्थानीयले अविलम्ब पुल निर्माणका लागि पहल गर्न सरकारसँग माग गरेका छन् ।

# 'विपद् व्यवस्थापनका लागि नयाँ ऐन आवश्यक'

**मन्त्री लेखीले मधेश प्रदेशको सुरक्षा र विपद् व्यवस्थापन सम्बन्धी नयाँ ऐन बनाउनुपर्ने अवस्था रहेको बताए । मन्त्री लेखीले नयाँ ऐन नबनाई विपद्जन्य परिस्थितिमा पीडितलाई सहयोग वा राहत वितरणमा समस्या रहेको बताए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले विपद् व्यवस्थापन तथा पीडितलाई राहत वितरणका लागि ऐन कानुन नहुँदा समस्या भइरहेको बताएका छन् ।




जनकपुरधाममा मंगलबार सुरक्षा तथा विपद् सम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री लेखीले बाढी, डुबान, आगजनीलगायतका विपद्जन्य घटना हुँदा पीडित परिवारजनलाई प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने आवश्यक सहयोगका लागि सिडिओ र प्रहरीलाई गुहार्नु पर्ने बिडम्बनाका कारण नयाँ कानुन निर्माण जरुरी रहेको प्रस्ट्याए ।

मन्त्री लेखीले मधेश प्रदेशको सुरक्षा र विपद् व्यवस्थापन सम्बन्धी नयाँ ऐन बनाउनुपर्ने अवस्था रहेको बताए । मन्त्री लेखीले नयाँ ऐन नबनाई विपद्जन्य परिस्थितिमा पीडितलाई सहयोग वा राहत वितरणमा समस्या रहेको बताए ।

त्यस्तै उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सकिल मियाँ अन्सारीले प्रदेशको सुरक्षा र विपद् व्यवस्थापनलगायतकामा प्रदेश सरकार गम्भीर हुँदासमेत संघीय सरकारको कानुनले अघोषित रुपमा बन्देज लगाएको बताए । उनले प्रदेशको नागरिकलाई सुरक्षाको सवालमा पनि संघीय कानुनले दिएको अधिकार प्रदेश प्रहरी समायोजन नहुँदा प्रदेश सरकारको मातहतमा प्रहरी प्रशासन नरहेकाले बाढी पीडितलाई गर्नुपर्ने सहयोगसमेत गर्न नसक्नु बिडम्बना रहेको बताए ।

प्रदेशवासीका लागि तत्काल कानुन बनाएर भए पनि पीडितलाई राहत तथा विपद् व्यवस्थापन तर्फ अग्रसर लिनुपर्ने उनले बताए ।

पूर्व प्रदेश मन्त्री रामसरोज यादवले प्रदेश सरकार मातहत प्रहरी र प्रशासन नहुँदा जनताले संघीयताको अनुभुति गर्न नसकेको बताए । उनले प्रहरी समायोजनप्रति आफूहरु पनि गम्भीर रहेको यसका लागि दबाब सृजना गर्नुपर्ने बताए ।

त्यस्तै प्रदेशसभा सदस्य रामअशिष यादवले विपद् व्यवस्थापन प्राधिकरण गठन गर्नुपर्ने माग गरेका छन् । उनले मधेश प्रदेशमा वर्षेनि हुने गरेको बाढी, डुबान, आगजनी, शितलहरीलगायतका कारणले ज्यान गुमाउनेपर्ने बाध्यता रहँदा पनि विपद् व्यवस्थापन देखि राहत वितरणसम्मका समस्या समाधान हुने बताए ।

त्यस्तै लोसपा नेपाल मधेश प्रदेशका संसदीय दलका उपनेता उपेन्द्र महतोले प्रदेश सरकारको मातहतमा प्रहरी र प्रशासन नहुँदा कुनैपनि किसिमको विपद् व्यवस्थापन देखि राहत वितरणमा मुख ताक्नुपर्ने रवैया अन्त्य गर्नुपर्ने बताए । उनले प्रदेश सरकारले आफ्नो समस्या समाधानका लागि तदारुकता देखाउनुपर्ने समेत बताए ।

त्यस्तै प्रदेशसभा सदस्य शारदा पहाडी दासले प्रकृतिजन्य विपद्को सामना गर्दै प्रदेश सरकारले आफ्नो जनताको सुरक्षा र विपद् व्यवस्थापनका लागि अगाडि बढ्नुपर्ने बताइन् ।

मधेश प्रदेशका मुख्यन्यायधिवक्ता सुरेन्द्र महतोले प्रदेश प्रहरी समायोजनप्रति संघीय सरकार गम्भीर नहुँदा प्रहरी समायोजन हुनेमा आफू विश्वस्त नरहेको बताए । उनले अहिले पनि संघीय सरकारले प्रहरी समायोजन गरी प्रहरी हस्तान्तरण गर्नेमा आफू ढुक्क नरहेको बताए ।

प्रदेश सरकारको पहिलो प्राथमिकता नै जनताको शान्ति सुरक्षा र विपद्जस्ता घटनाबाट जोगाउनुपर्ने भए पनि निरीहता बाहेक केही गर्न सक्ने अवस्था नरहेको उनले बताए । उनले बाढी डुबानजस्ता विपद्मा परेका प्रदेशवासीका लागि समेत प्रहरी र प्रशासनको मुख ताक्नुपर्ने दुःखद अवस्था रहेको बताए ।

उनले प्रदेश सरकारले आफै पीडित प्रदेशवासीका लागि केही गर्नुपर्दा प्रहरी र प्रशासनसंग समन्वय गर्नुपर्ने संघीय सरकारले कानुनमा उल्लेख गरेर प्रदेशलाई निरीह बनाएको भन्दै मुखयन्यायधिवक्ता महतोले संघीय कानुनले समेत जिल्ला प्रशासन कार्यालय कानुनले नचिन्दा पनि सोहीसंग समन्वय गर्न भन्नु बिडम्बना रहेको बताए ।

# 'विपद्मा सरकारको निरीहता'

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले बाढीपहिरो डुबानजस्ता विपद्मा सरकारले निरीहता प्रदर्शन गर्नु दुःखद रहेको टिप्पणी गरेका छन् ।

धनुषाको कमला नगरपालिकास्थित लगमा बजारमा मंगलबार आयोजित कार्यक्रममा बोल्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले विपद्मा पीडित जनताका लागि गर्नुपर्ने कामकाजहरु गर्न नसक्नु निरीहताको पराकाष्टा रहेको बताए ।

उनले विपद्को समयमा तत्कालै पीडितका लागि सरकारले गर्नुपर्ने कामहरु गर्न नसक्नुले सरकारको असक्षमता रहेको आरोपसमेत लगाए ।

अध्यक्ष नेपालले भने, 'बाढी पीडितलाई अहिलेसम्म पनि सरकारले राहत,




व्यवस्थापनमा सरकार अन्योलता देखिएको छ भने, मृतक परिवारलाई क्षतिपुर्तिसमेत दिन नसक्नु दुःखद छ ।' सरकार अहिलेसम्म पनि राहत व्यवस्थापनमै अन्योलतामा रहेको उनले बताए । उनले तत्काल पीडित परिवारलाई राहतको व्यवस्थापन गर्नसमेत सरकारसंग माग गरे ।

वर्तमान राजनीतिक अवस्थाबारे बोल्दै अध्यक्ष नेपालले नेपाली कांग्रेस र नेकपा एमालेको सरकार लामो समयसम्म टिक्न नसक्ने ठोकुवा समेत गरे ।

सो कार्यक्रममा पूर्वमन्त्री तथा प्रभावशाली नेता रामचन्द्र झा, नेकपा एस मधेश प्रदेश अध्यक्ष रामचन्द्र यादव, स्थायी समिति सदस्य सत्रुघ्न महतो, सांसद रत्नेश्वरलाल गोइत, पोलिटव्यूरो सदस्य श्रीप्रसाद साहलगायतका पार्टीका जिल्ला अध्यक्ष, सचिवको उपस्थिति रहेको थियो ।

सो कार्यक्रममा नेकपा एसमा जसपा नेपाललगायत विभिन्न दल परित्याग गरी दुई हजारभन्दा बढीलाई प्रवेश गरेको नेकपा एस धनुषाका जिल्ला सचिव राजकुमार यादवले जानकारी दिए ।

पूर्व वडाअध्यक्ष विशेश्वर यादव, षडानन्द यादवको अगुवाईमा दुई हजारभन्दा बढी नेता तथा कार्यकर्ताहरु पार्टी प्रवेश गरेका छन् । नवप्रवेशीलाई अध्यक्ष नेपालले गम्छा, फुल माला र अविर लगाएर पार्टीमा प्रवेश गराइएको जिल्ला सचिव यादवले बताए ।

# विद्यालय नर्सहरुद्वारा धर्ना

**टुडे समाचारदाता**

जनकपुरधाम । विद्यालय नर्सहरुले प्रदेश सरकारलाई पटक पटक आफ्ना गुनासो राख्दा समेत बेवास्ता गरेको भन्दै मुख्यमन्त्री सतीशकुमार सिंहको आवास अगाडि धर्ना दिएका छन् ।



मधेश प्रदेश सरकारले सञ्चालन गरेको विद्यालय नर्स कार्यक्रमअन्तर्गत कार्यरत नर्सहरुले प्रदेश सरकारलाई आफ्ना समस्या राख्दा समेत बेवास्ता गरेको भन्दै नर्सहरुले मुख्यमन्त्री निवास अगाडि धर्ना दिएका छन् ।

प्रदेश सरकारले विद्यालय नर्स कार्यक्रमका लागि ४० लाख रुपैयाँ बजेट विनियोजन गरे पनि बजेट आभावको कारण देखाउँदै कार्यक्रम बन्द गरेपछि उनीहरु धर्नामा बसेका छन् ।

प्रदेशको प्रत्येक जिल्लाका १० वटा नमूना विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम लागु गरेपछि चार वर्षदेखि उनीहरु विद्यालयमा काम कार्यरत रहँदै आएकी थिइन् ।

# चार दिनदेखि बेपत्ता रहेका युवकको शव फेला

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा चार दिनदेखि बेपत्ता रहेका एक युवकको शव फेला परेको छ ।

जिल्लाको बलरामा डुबेको अवस्थामा थप एक शव फेला परेको छ । चार दिनदेखि बेपत्ता बलरा नगरपालिका-१ स्थित हथियौलका २७ वर्षीय पवन गिरीको शव मंगलबार फेला परेको छ ।

गिरीको शव बलरा-३ लक्ष्मीपुरस्थित नेपाल-भारत सीमाको दशगजा छेउमा रहेको सीताराम पण्डितको उखुबारीबाट फेला परेको सर्लाही प्रहरीले जनाएको छ ।

पानीमा डुबेको अवस्थामा गिरीको शव स्थानीयले फेला पारेका थिए । प्रहरीकाअनुसार गिरी बा.२७ प.९२०८ नम्बरको मोटरसाइकलमा गत शुक्रबार साँझ साढे ६ बजेतर्फ भारतको बसबिट्टा बजार जान्छु भन्दै हिँडेको र सो पश्चात् सम्पर्कविहीन भएका थिए ।

भारतबाट फर्किने क्रममा बागमती नदीमा आएको बाढी गाउँ पसेपछि उनी डुबेको हुनसक्ने अनुमान गरिएको छ । शव पोष्टमार्टमका लागि सदरमुकाम मलंगवा ल्याइएको छ ।

त्यस्तै गत शनिबार सोतीखोलामा बाढीमा परेर बेपत्ता भएका वाग्मती नगरपालिका-९ का १५ वर्षीय मुकेश महतोको शव पनि फेला परेको छ ।

उनको कुहीसकेको अवस्थामा शव फेला परेको सर्लाही प्रहरीले जनाएको छ । सर्लाहीमा डुबेर ३ जनाको मृत्यु भएको जिल्ला प्रशासन कार्यालयको तथ्यांकमा रहेको छ ।

सोमबार पनि डुबेको अवस्थामा बलराबाट एक बालकको शव निकालिएको जनाइएको छ ।

# लक्ष्मीनिया गाउँपालिकाका कर्मचारी आन्दोलित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको एक स्थानीय तहमा एकै कार्यालयमा दुई वटा प्रमुख प्रशासकीय अधिकृतका कारण विवाद हुँदै आएको छ ।

जिल्लाको लक्ष्मीनिया गाउँपालिकाको कार्यालयमा दुई जना प्रमुख प्रशासकीय अधिकृत रहेका कारण कार्यालयको कामकाज प्रभावित हुँदै आएको छ । र दुवै जना प्रमुख प्रशासकीय अधिकृतका कारण वाक्कदिक्क भएका कर्मचारीहरु आन्दोलित भएका छन् । दुईजना प्रमुख प्रशासकीय अधिकृत हुँदा आफूहरुलाई मानसिक तनाव दिने गरेको भन्दै कर्मचारीहरु आन्दोलित भएका छन् ।

आन्दोलित कर्मचारीहरु जिल्ला प्रशासन कार्यालय धनुषामा ज्ञापन पत्रसमेत



बुझाएका छन् । सो ज्ञापन पत्रमा गाउँपालिकाको कामकाज नियमित रुपमा संचालन हुँदासमेत प्रमुख प्रशासकीय अधिकृत भएर सरुवा भएका सर्वजीत कुमार झाले अनाधिकृत रुपमा पत्र मार्फत सो गाउँपालिकाको कर्मचारीहरुलाई कारबाहीको चेतावनी तथा स्पष्टीकरण माग गर्नेलगायत अमर्यादित व्यवहार गरेको भन्दै घोर भत्सर्ना गरेको जनाइएको छ ।

सो ज्ञापन पत्रमा भनिएको छ, 'गाउँपालिकाका सम्पुर्ण कर्मचारीहरु विरोध गर्न बाध्य भई अत्यावश्यक सेवा वाहेक सम्पुर्ण कामकाज ठप्प गर्न वाध्य छौं तथा यसै पत्र मार्फत पेन डाउन गरिएको व्यहोरा जानकारी गराउँदछौं तथा निज सर्वजीत कुमार झाले गैर जिम्मेवार तथा गैर कानुनी पत्र फिर्ता नलिएको खण्डमा अझ सशक्त आन्दोलन गर्न बाध्य हुने छौं ।'

दुई प्रमुख प्रशासकीय अधिकृतबीचको विवादका कारण कर्मचारीहरु अलमलमा पर्ने गरेको र जसले गर्दा मानसिक तनावसंगै यातना जस्तो महसुस गरेपछि बाध्य भएर पेन डाउन गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको इन्जिनियर राकेश यादवले जानकारी दिए ।

**बैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरु**

- जान चाहेको देशको भाषा, कानून र त्यहाँको सँस्कृतिको आधारभूत जानकारी राखौं ।
- बैदेशिक रोजगारमा जाँदा प्रचलित कानून बमोजिम श्रम स्वीकृति लिएर मात्र जाऔं ।
- नेपालको वैदेशिक रोजगारसम्बन्धी कानूनहरुको आधारभूत जानकारी राखौं ।
- सीप सिकेर मात्रै वैदेशिक रोजगारी जाऔं ।
- बैदेशिक रोजगारमा जानुअघि रोजगारदाता कम्पनिले दिने सेवा, सुविधा र लाग्ने खर्च यकिन गरेर मात्रै जाऔं ।
- बैदेशिक रोजगारमा जाँदा भिजिट भिषामा नभई रोजगार भिषामा जाऔं ।
- बैदेशिक रोजगारमा हुने ठगीबाट बच्न बिचौलियाबाट सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८